जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी
(Mother And Motherland Are Greater Than Heaven)

# ग्रेटर नेपाल

(देशभक्ति, पर्यावरण र सामाजिक विकासमा समर्पित)
Greater Nepal National Weekly
राष्ट्रिय साप्ताहिक

वर्ष ९ अंक १७, २०७७ साल पुस २४ गते शुक्रबार, नेपाल संवत् ११४१ (Jan. 8, 2021) Website : www .greaternepal .com .np मूल्य रु. १० ।-

## भारतमा बर्डफ्लु, नाकामा सतर्कता

काठमाडौं । भारतमा बर्डफ्लु संक्रमण बढेपछि नेपालमा उच्च सतर्कता अपनाइएको छ । चारवटा प्रदेशमा बर्डफ्लु पुष्टि भएपछि सरकारले नेपाल भारत सीमा क्षेत्रमा उच्च सतर्कता अपनाउन आग्रह गरेको हो ।

भारतबाट नेपाल भित्रिने पशुपक्षी तथा पशुपक्षीजन्य वस्तुको कारोबारमा उच्च निगरानी राख्न मातहतका क्यारेन्टाइन कार्यालयहरूलाई निर्देशन दिइएको कृषि तथा बाँकी ८ पेजमा

## नेपाल-भारत संयुक्त बैठक

काठमाडौं । नेपालले कालापानी, लिम्पियाधुरा र लिपुलेक समेटेर नयाँ राजनीतिक एवं प्रशासनिक नक्सा जारी गरेपछि नेपाल र भारतबीच कूटनीतिक संवादहीनताको अवस्था भारतीय उच्च अधिकारीहरू लगातार नेपाल भ्रमणले अन्त्य गरेको. छ । अब नेपालबाट पनि उच्चस्तरीय भ्रमण हुन लागेको छ । नेपाल भारत संयुक्त परराष्ट्र मन्त्रीस्तरीय संयन्त्रको छैठौं बैठकमा भाग लिन परराष्ट्र मन्त्री प्रदीप ज्ञवाली माघ पहिलो साता नयाँदिल्ली जाँदैछन् ।

भ्रमणका क्रममा द्विपक्षीय हित, नेपालको पछिल्लो बाँकी ८ पेजमा

# ओलीको काँधमा शमशेरको बन्दुक

काठमाडौं । गत पुस ५ गते प्रधानमन्त्री केपी शर्मा ओलीले संविधानमा हुँदै नभएको अवशिष्ट अधिकारको प्रयोग गर्दै अझै दुई वर्ष आयु बाँकी रहेको प्रतिनिधिसभा विघटन गरेपछि देशको राजनीति झनै अनिश्चित र जटिल बन्दै गएको छ । नेपालको संविधान २०७२ को धारा ७६ मा रहेको मन्त्रिपरिषद्सम्बन्धी व्यवस्थाको उपधारा (१) मा प्रतिनिधिसभामा कुनै राजनीतिक दलले बहुमत प्राप्त गरेको अवस्थामा त्यस्तो दलको संसदीय दलको नेतालाई राष्ट्रपतिले प्रधानमन्त्रीको रुपमा नियुक्त गर्ने, उपधारा (१) बमोजिम प्रतिनिधिसभामा कुनै पनि दलको स्पष्ट बहुमत नभएको अवस्थामा प्रतिनिधिसभामा प्रतिनिधित्व गर्ने दुई वा दुईभन्दा बढी दलको समर्थनमा बहुमत प्राप्त गर्न सक्ने प्रतिनिधिसभाको सदस्यलाई राष्ट्रपतिले प्रधानमन्त्रीको रुपमा नियुक्त गर्ने व्यवस्था उपधारा (२) मा रहेको छ भने बहुमत देखाउन नसकेमा वा नियुक्ति भएको ३० दिनभित्र विश्वासको मत प्राप्त गर्न नसकेमा सबैभन्दा बढी सदस्य भएको





संसदीय दलको नेतालाई राष्ट्रपतिले प्रधानमन्त्रीको रुपमा नियुक्त गर्ने व्यवस्था उपधारा (३) मा प्रस्ट गरिएको छ ।

यसैगरी उपधारा (२) वा (३) बमोजिम नियुक्त प्रधानमन्त्रीले तीस दिनभित्र विश्वासको मत प्राप्त गर्नुपर्ने संवैधानिक व्यवस्था उपधारा (४) मा राखिएको छ । उपधारा (३) बमोजिम नियुक्त प्रधानमन्त्रीले उपधरा (४) बमोजिम विश्वासको मत प्राप्त गर्न नसकेमा उपधारा (२) बमोजिम प्रतिनिधिसभाको कुनै सदस्यले तीस दिनभित्र विश्वासको मत प्राप्त गर्न सक्ने आधार प्रस्तुत गरेमा त्यस्तो सदस्यलाई राष्ट्रपतिले प्रधानमन्त्रीको रुपमा नियुक्त गर्ने कुरा उपधारा (५) मा उल्लेख गरिएको छ । यो सँगै उपधारा (५) बमोजिम नियुक्त प्रधानमन्त्रीले उपधारा (४) बमोजिम विश्वासको मत लिनैपर्ने व्यवस्था उपधारा (६) मा राखिएको छ । उपधारा (५) बमोजिम नियुक्त प्रधानमन्त्रीले तीस दिनभित्र विश्वासको मत प्राप्त गर्न नसकेमा वा प्रधानमन्त्री नियुक्त हुन नसकेमा मात्र त्यस्ता प्रधानमन्त्रीको सिफारिसमा राष्ट्रपतिले प्रतिनिधिसभा विघटन गरी ६ महिनाभित्र अर्को प्रतिनिधिसभाको निर्वाचन सम्पन्न हुने गरी नयाँ जनादेशका लागि निर्वाचन मिति तोक्न सक्ने भनिएको छ । संविधानमा यस्तो प्रस्ट व्यवस्था हुँदाहुँदै पनि प्रधानमन्त्री ओलीले लुई चौधौंको 'आइ एम द स्टेट' शैलीमा प्रतिनिधिसभालाई बलात विघटन गराएर देशलाई जिरो ग्राउन्डमा धकेलिदिएका छन् ।

संविधानको धारा ७६ को उपधारा (१) र (७) तथा धारा ८५ एवं संसदीय प्रणालीको आधारभूत मर्म तथा मूल्यमान्यता तथा हाम्रो आफ्नै र संसदीय प्रणाली भएका विभिन्न मुलुकहरूको अभ्यासबमोजिम संघीय संसदको वर्तमान प्रतिनिधिसभा विघटन गरी ताजा जनादेशका लागि नेपाली जनतासमक्ष जान नेपाल सरकार मन्त्रिपरिषद्को बैठकबाट निर्णय भई प्रधानमन्त्रीबाट सिफारिस भएकाले उक्त सिफारिस बमोजिम संघीय संसदको प्रतिनिधिसभा विघटन गरिएको जानकारी राष्ट्रपतिबाट गराइनुले प्रधानमन्त्रीको स्वेच्छाचारिता र अराजकताको पराकाष्ठा उदांगिएको छ । संवैधानिक व्यवस्था अनुसारको प्रक्रिया नपुऱ्याइकन उपधारा (१) बाट सिधै ७ मा पुग्ने काम गरी प्रधानमन्त्रीले संविधानको ठाडो उल्लंघन गरेको प्रस्ट नै छ । संसद विघटन राष्ट्रपति कार्यालयले केपी ओली बहुमतबाट प्रधानमन्त्रीमा चुनिएको गलत तथ्य समेटिएको विज्ञप्ति जारी गरेको कानुनविद्हरूको दाबी छ । ओली नेतृत्वको सरकार धारा ७६ (२) गठन भए पनि संसद विघटन गर्दा राष्टप्रधानमन्त्रीमा चुनिएको गलत तथ्य समेटिएको विज्ञप्ति जारी गरेको कानुनविद्हरूको दाबी छ । ओली नेतृत्वको सरकार धारा ७६ (२) गठन भए पनि संसद विघटन गर्दा राष्ट्रपति कार्यालयले ७६ (१) मात्रै उल्लेख गरेको उनीहरूको भनाइ छ । ओली नेतृत्वको सरकार धारा ७६ (२) अनुसार बनेको हो । तर विज्ञप्तिमा ७६ (१) उल्लेख छ । विज्ञप्तिमै गलत तथ्य राखिएको छ ।

३ जेठ २०७४ मा ओलीलाई प्रधानमन्त्री नियुक्त गर्न एमाले र माओवादीले राष्ट्रपतिसमक्ष समर्थनको पत्र बुझाएका थिए । त्यसै दिन राष्ट्रपति कार्यालयद्वारा जारी विज्ञप्तिमा 'नेपालको संविधानको धारा ७६ उपधारा (२) बमोजिम प्रधानमन्त्री पदमा नियुक्त गर्नका लागि नेकपा बाँकी ८ पेजमा

## सीमा क्षेत्रमा एसएसबीको ज्यादती

इलाम । भारतले नेपालको सीमा पटक पटक मिच्दै आएको छ । यति ठूलो राष्ट्रले नेपालजस्तो सानो र विपन्न मुलुकलाई मिच्नु, सीमा क्षेत्रमा पटक पटक दुःख दिनु, नेपाली भूमि अतिक्रमण गर्नु अति नै लज्जास्पद कुरा हो । भारतले नेपालको जमिन मात्र मिचेको छैन नेपालको हरेक क्षेत्रमा आक्रमण गरिरहेको छ । राजनीतिक स्थिरता पनि कहिल्यै हुन दिँदैन । भारतले नै विभिन्न षड्यन्त्रका तानाबाना बुनेर नेपाली राजनीतिलाई अस्थिर बनाइरहेको छ ।

पछिल्लो समय भारतले फेरि नेपाल-भारत पूर्वी सीमावर्ती क्षेत्र इलामको सूर्योदय नगरपालिकाको हिलेभन्ज्याङमा आँखा गाडेको छ । आइतबार राति एसएसबीले त्यहाँ पिलर गाडेको थाहा पाएपछि घटनास्थल पुगेर स्थानीयले कडा प्रतिकार गरेका थिए । भारतीय सीमा सुरक्षा बल (एसएसबी)ले जबर्जस्ती पिलर गाडेको थाहा पाएपछि स्थानीयले रोकेका हुन् ।

स्थानीयको हुलसहित सशस्त्र प्रहरी पुगेपछि आफूले गाडेको पिलर उखेलेर एसएसबी त्यहाँबाट भागेको बताइएको छ । एसएसबीले ग्लोबल पोजिसनिङ सिस्टम (जीपीएस)ले देखाएको ठाउँ भन्दै नेपाली भूभागपट्टि पिलर गाड्ने प्रयास गरेको सशस्त्र प्रहरी बलको पशुपतिनगरस्थित बोर्डर आउट पोस्ट (बीओपी) ले जनाएको छ ।

भारतले सीमा क्षेत्रमा राखेको एसएसबीको बीओपीमा नयाँ नेतृत्व आएपछि पिलर गाड्ने प्रयास भएको सशस्त्र प्रहरीको भनाइ छ । नेपालको पूर्वी क्षेत्रमा भारतसँग जोडिएको सीमा क्षेत्रमा जिल्लाको प्रमुख सुरक्षा चुनौती देखिएको छ । नेपाल-भारत सीमास्तम्भको सुरक्षा र त्यहाँ भइरहने गतिविधि मुख्य चुनौतीका रूपमा रहेको छ । भारतीय सीमा क्षेत्र इलामको पशुपतिनगरसहित बाँकी ८ पेजमा

## प्रादेशिक राजनीतिमा पनि हलचल

काठमाडौं । सत्तारुढ दल नेपाल कम्युनिस्ट पार्टी (नेकपा) विभाजित भएसँगै त्यसको असर प्रादेशिकदेखि स्थानीय सरकारसम्म देखिन थालेको छ । केन्द्रमा झैँ सबैतिर बहुमत र अल्पमतको खेल सुरु भइसकेको छ । विगतमा प्रदेश २ बाहेक अन्य ६ वटा प्रदेशमा नेकपा एक्लैको सरकार भएकोमा अब त्यो छिन्नभिन्न हुन थालेको छ । नेकपाका प्रचण्ड नेपाल र ओली समूह दुवै नेपाली कांग्रेससँग मिलेर गठबन्धन सरकार बनाउन प्रयासरत छन् । यसले स्थिर रुपमा चलेको प्रादेशिक राजनीतिमा हलचल ल्याएको छ ।

प्रदेश १ र वाग्मती प्रदेशमा प्रचण्ड माधव नेपाल समूहले मुख्यमन्त्रीहरू शेरधन राई र डोरमणि पौडेलविरुद्ध अविश्वासको प्रस्ताव ल्याइसकेका छन् । अविश्वासको प्रस्ताव ल्याउँदा मुख्यमन्त्रीको नाम समेत ल्याउनुपर्ने वैधानिक प्रावधानलाई पूरा गर्दै प्रदेश १ मा भीम आचार्य र वाग्मती प्रदेशमा





अष्टलक्ष्मी शाक्यलाई मुख्यमन्त्रीमा प्रस्ताव गरिएको छ । गण्डकी र लुम्बिनी प्रदेशमा ओली पक्षधर बहुमतमा भएकाले दाहाल नेपाल समूह पर्ख र हेरको रणनीतिमा छ । यद्यपि उनीहरू आफ्नै समूहका सांसदले मात्र अविश्वास प्रस्ताव ल्याउन सम्भव नभएकाले कांग्रेस लगायतका पक्षसँग छलफल गरिरहेका छन् ।

यता कर्णाली र सुदूर पश्चिम प्रदेशमा भने आफ्नै समूहका मुख्यमन्त्री भएकाले दाहाल नेपाल समूह आफ्नो शक्ति जोगाउन केन्द्रित छन् । त्यसकै परिणामस्वरुप सुदूर पश्चिम प्रदेशमा ओली पक्षका मन्त्रीलाई बर्खास्त गरिएको छ । सुदूर पश्चिममा ओली समूह कमजोर छ । सायद यही कारण हुन सक्छ प्रभाव विस्तारका लागि प्रधानमन्त्री ओलीले सुदूर पश्चिमबाट २५ सदस्यीय मन्त्री परिषद्मा चार जनालाई क्याबिनेट मन्त्री बनाएका छन् । कैलालीका गौरीशंकर चौधरी, डोटीका प्रेम आले, दार्चुलाका गणेश ठगुन्ना मन्त्री थपिएका बाँकी ८ पेजमा

## अर्थतन्त्रको नाजुक अवस्था

काठमाडौं । विश्वव्यापी रुपमा फैलिएको कोरोना भाइरसका कारण उत्पन्न भएको प्रभावले नेपालको आर्थिक क्षेत्रमा ठूलो मात्रामा नकारात्मक असर पारेको छ । विश्वकै अर्थतन्त्र तहसनहस भएको अवस्थामा नेपालजस्तो कमजोर आर्थिक अवस्था भएका मुलुकलाई बढी प्रभाव पारेको छ । नेपाल सरकारले आर्थिक अवस्था थप सुदृढ बनाउने भाषण बारम्बार छाँटे पनि विश्वबैंकले सरकारको धारणा विपरीत आर्थिक प्रक्षेपण गरेको छ । कतिपय मुलुकले कोभिड महामारीलाई पनि अवसरको रुपमा उपयोग गर्दै कोभिडविरुद्ध प्रयोग हुने औषधि उपकरण निर्माण गरेर विदेश निर्यात गरी पैसा कमाएका छन् । नेपालको हकमा नगन्य रुपमा निजी क्षेत्रका व्यवसायीले मार्क्स निर्यात गर्नुबाहेक अरु केही हुन सकेन ।

नेपाल सरकार आर्थिक अवस्था थप सुदृढ बनाउने दाबी गर्न पछि पर्दैन । तर विश्वबैंकले २०७७।७८ मा नेपालको आर्थिक वृद्धिदर शून्य दशमलव ६ प्रतिशत मात्र हुने बाँकी ८ पेजमा

## भारतीयद्वारा नेपालीमाथि गोली प्रहार

काठमाडौं । भारतीय ज्यादती अति नै बढिरहेको छ । राजनीतिमाथि हस्तक्षेप गर्ने अनि राजनीतिक अस्थिरता पैदा गराएर नेपाली जमिन अतिक्रमण गर्ने, नेपाली जनतामाथि ज्यादती गर्ने, गोली प्रहार समेत गर्ने भारतीय रवैया देखिएको छ । हालै भारतीय वनरक्षकबाट कञ्चनपुरका एक नेपाली नागरिकमाथि गोली प्रहार भएको छ । सोमबार साँझ ६:३० बजेतिर दोधारा-चाँदनी नगरालिका- १ चाँदनीका नरेश सुनारमाथि गोली प्रहार भएको हो । यस्तो घटना यो पटक मात्र होइन, पटक पटक भइरहेका छन् ।

घरायसी कामका लागि भारतीय बजारबाट घर फर्किने क्रममा भारतीय वनरक्षकबाट नरेशमाथि गोली प्रहार भएको परिवारले बताए पनि प्रहरीले काठ काट्न गएका वेला भारतीय वनरक्षकबाट गोली प्रहार भएको जनाएको छ । जिल्ला प्रहरी कार्यालय कञ्चनपुरका बाँकी ८ पेजमा

## भारतले रोकेन तटबन्ध

काठमाडौं । दार्चुलाको महाकाली नगरपालिका-५, गल्फैरभौरादगढमा महाकाली नदीको प्राकृतिक बहाव अवरुद्ध पारेर सीमा क्षेत्रमा भारतीय पक्षले तटबन्धको काम धमाधम गरिरहेको छ । गैरकानुनी रूपमा निर्माणाधीन तटबन्धको काम रोक्न पटक-पटक गरिएको नेपालको आग्रहलाई समेत भारतले बेवास्ता गरेको छ। भारतीयहरूको हेपाहा र मिचाहा प्रवृत्ति बढेको छ ।

नदीको बहावलाई असर पर्ने गरी कुनै पनि मुलुकले एकअर्काको सहमतिबेगर भौतिक संरचना निर्माण गर्न पाइँदैन । तर सन्धि सम्झौताको पालना नगरी नेपालले पठाएको बाँकी ८ पेजमा

## काठमाडौंमा वायु प्रदूषण बढ्यो

काठमाडौं । काठमाडौंमा वायु प्रदूषणमा वृद्धि भएको आईक्यू एअरको एक अध्ययनले देखाएको छ । अध्ययनले विश्वका ५० सहरमध्ये प्रदूषणका हिसाबले काठमाडौं १ नम्बरमा रहेको देखाएको हो । वातावरणविद् भूषण तुलाधरले मौसम धुम्मिएका कारण पनि प्रदूषणको मात्रा बढ्न गएको बताएका छन् ।

वायु प्रदूषण वर्षायाममा भन्दा जाडो याममा ४-५ गुणा बढी हुने बताइएको छ । विज्ञहरूका अनुसार जाडो मौसममा पानी नपर्ने र हावा नचल्ने भएकाले प्रदूषण बढेको हो ।

अमेरिकाको हार्वड युनिभर्सिटी र जर्मनीका वैज्ञानिकहरूले अमेरिका र चीनमा चार महिनाअघि गरेको अध्ययनअनुसार वायु प्रदूषण बढी भएका स्थानमा बस्नेहरूमा कोभिड-१९ संक्रमण बढी हुने देखिएको छ । उक्त अध्ययनले कोभिड-१९ बाट भएका मृत्युमध्ये १५ बाँकी ८ पेजमा

## पृथ्वीनारायण शाहको पुनर्मूल्यांकन जरूरी

सन्दर्भ २९९ औ पृथ्वीजयन्ती

■ घनश्याम ओली

क्रिश्चिनरी मिसन, भ्याटिकन सिटी, युरोपेली युनियन र क्रिश्चियन सोनिया गान्धीको दबाब र आर्थिक प्रलोभनमा परी तत्कालीन पुनःस्थापित संसदले नेपाललाई धर्मनिरपेक्ष राष्ट्र घोषणा गरेसँगै तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले राष्ट्रनिर्माता पृथ्वीनारायण शाहको अपमान गर्दै राष्ट्रिय एकता दिवस खारेज गरे । पृथ्वीनारायण शाह आजको नेपालको एकीकरणकर्ता हुन् । उनले आफ्नो जीवनकालमा नेपाललाई पश्चिममा महाकाली र पूर्वमा मेची नदीसम्म विस्तार गरेका थिए । पृथ्वीनारायण शाह यदि नभइदिएका भए आजको नेपाल सम्भव थिएन । इतिहासमा नेपाल कहिले कसैको पराधीन भएन ।



अंग्रेजहरूले नेपाललाई अधिनस्थ गर्न खोज्दा पृथ्वीनारायण शाहले नै उनीहरूलाई असफल बनाइदिएका थिए । शाहकै कारण देशले स्वतन्त्रता दिवस मनाउनु परेन । तर नेपाललाई एकीकरण गर्ने यी महान् सपूतलाई सम्मान गर्दै राष्ट्रले एकता दिवस मनाउँदै आएको थियो । गणतन्त्र आएपछि पृथ्वीनारायण शाहलाई अवमूल्यन गर्दै राष्ट्रिय एकता दिवस एवं उनको जन्मजयन्ती समेत मनाउन छोडियो । अहिले देशमा लादिएको संघीयताले पृथ्वीनारायणले एकीकरण गरेको तराई भूभाग अलगाउवादी आप्रवासी भारतीयहरूले टुक्र्याउन खोज्दैछन् । एकीकृत समृद्ध र अखण्ड नेपालका अभिष्टता पाल्ने पृथ्वीनारायण शाहलाई यतिबेला देश र जनताले झल्झली सम्झिरहेका छन् । तराई विखण्डनको योजना भारतले गरिरहेको गणतन्त्र नेपालका प्रथम प्रधानमन्त्री बनेका एमाओवादी अध्यक्ष पुष्पकमल दाहालले समेत बाँकी ८ पेजमा




सुरेन्द्र ढकाल प्रतिष्ठानको लागि
सम्पादक/प्रकाशक
सुरेन्द्रप्रसाद ढकाल
कार्यकारी सम्पादक
तेजेन्द्र प्रसाई
प्रबन्ध सम्पादक
कृष्णराज दुलाल
प्रबन्ध निर्देशक
किरण थापा
अतिथि सम्पादक
विष्णु भट्टराई
सहसम्पादक
घनश्याम ओली
बजार व्यवस्थापन
रामशरण रिमाल
सम्पादन सहयोगी
गोविन्द विक

**आजीवन सल्लाहकार**
योगाचार्य वासुदेव ढकाल, डा. द्वारिकानाथ ढुंगेल, प्रा.डा. चन्द्रबहादुर जोशी, प्रा.डा. तुलसी पाठक, प्रा.डा. पार्थिवेश्वर तिमिल्सिना, प्रा.डा. नोवेलकिशोर राई, प्रा.डा. मुकुन्द रञ्जित, श्री बुद्धिनारायण श्रेष्ठ, श्री घनश्याम राजकर्णिकार, प्रा.डा. त्रिविक्रम भट्टराई, श्री युवराज भुसाल, डा. रोशना श्रेष्ठ, ई.श्री नरेन्द्रभूपाल मल्ल श्री सुष्मा वज्र(ाचार्य, ई. ध्रुव थापा, श्री उर्मिला जोशी, श्री वीरेन्द्रकुमार सिंह, श्री माधवप्रसाद उपाध्याय ढुंगेल, श्री खगेन्द्र ढकाल, डा. रीता सिंह (हमाल), श्री योगेन्द्रनाथ सुवेदी, श्री सम्झना पोखरेल (शाह), श्री कञ्चनमणि दीक्षित, श्री कृष्णहरि बाँस्कोटा, श्री प्रकाश शर्मा, डा. नर्बदा थापा, डा. शंकरप्रसाद सुरी, प्रा.डा. भरत पहारी, श्री सुनिता खनाल (प्याकुरेल) आ. रूपेश श्रेष्ठ

मुद्रक : अन्नपूर्ण अफसेट प्रिन्टर्स, असन, काठमाडौं
कार्यालय : नयाँ बानेश्वर, फोन ४१०५०४८ पोस्टबक्स ४२६५, फ्याक्स ४१०४४८७,
इमेल : greaternepal2012@gmail .com, www .greaternepal .com .np
*Visit : www .youtube .com Surendra Dhakal Social Activist*

# मान्छे नै हो सपना कसले पाल्दैन र ?



**सुरेन्द्र ढकाल**

**अहिले आएर संविधानमा नै ब्यवस्था नभएको संसद विघटन गर्ने अधिकार ओलीले प्रयोग गरेर देखाइदिए, समस्त नेपाल त्यसको विरूद्धमा छ, यहाँसम्म कि ओलीको अति निकट मानिने सुवास नेम्बाङ समेतले विरोध गरे रे भन्ने सुन्नमा आएको छ । त्यसले पनि ओलीलाई कुनै लछारपाटो लागेको छैन । 'काग कराउँदै छ, पिना सुक्दै छ' भनेजस्तै ओली राष्ट्रपति विद्याको पोल्टा सू... गरिरहेका छन् अनि विद्या त्यसैको तातोमा रमाइरहेकी छिन् ।**

सारा संसार करायो 'वाइडबडीमा भ्रष्टाचार भयो' भनेर त्यसलाई ओलीले सजिलै पचाइदिए । ट्रान्सपरेन्सीले ओलीकै संरक्षकत्वमा नेपालमा भ्रष्टाचार मौलायो भन्यो, नेपाल दक्षिण एसियाकै सबैभन्दा ठूलो भ्रष्ट मुलुक बन्यो भन्यो, त्यो प्रतिवेदनलाई ओली सरकारले स्वीकारै गरेन । ३३ किलो सुनवालाहरू ओलीकै निर्देशनमा चोखिए । निर्मलालाई बलात्कार गरी मार्नेहरूलाई ओलीले नै लुकाए । अहिले आएर संविधानमा नै ब्यवस्था नभएको संसद विघटन गर्ने अधिकार ओलीले प्रयोग गरेर देखाइदिए, समस्त नेपाल त्यसको विरुद्धमा छ, यहाँसम्म कि ओलीको अति निकट मानिने सुवास नेम्बाङ समेतले विरोध गरे रे भन्ने सुन्नमा आएको छ । त्यसले पनि ओलीलाई कुनै लछारपाटो लागेको छैन । 'काग कराउँदै छ, पिना सुक्दै छ' भनेजस्तै ओली राष्ट्रपति विद्याको पोल्टा सू... गरिरहेका छन् अनि विद्या त्यसैको तातोमा रमाइरहेकी छिन् ।

जब सत्तारुढ दल भित्रैबाट एमसिसिको विरोध शुरु भई संसदमा त्यो टेवल हुन सकेन, यस पंक्तिका लेखकले त्यही बेला संसद भंग भई कि त मध्यावधि कि त संयुक्त सरकार भन्ने भविष्यवाणी गरिसकेको थियो । त्यसो भन्दा यस पंक्तिका लेखकलाई नेपालको वर्तमान संविधानअनुरुप बहुमत प्राप्त प्रधानमन्त्रीलाई भंग गर्ने अधिकार छैन भन्ने थाहा थियो । ओलीलाई पनि थाहा छ तर जब उनी आफूलाई संविधानभन्दा माथि देख्छन् भने संविधानमा ब्यवस्था हुनु र नहुनुमा फरकै के हुन्छ र ? चिन्नेलाई पो श्रीखण्ड नचिन्नेलाई सबै खुर्पाकै बिंड त हो नि ।

उपेन्द्र यादवले सभामुखले विशेष अधिकार प्रयोग गरी सदन बोलाउन मिल्छ भन्दै हिँडेका छन् । त्यो एक किसिमले सही छ । प्रचण्ड भनेको आफ्ना लागि संविधानभन्दा माथिको शक्ति मान्ने, प्रचण्डकै निर्देशन मानेर ओलीले बोलाएको संवैधानिक परिषदको बैठकमा नजाने सभामुख अग्नि सापकोटाले पनि संविधानमा ब्यवस्था नभए पनि सदन बोलाउँदा हुन्छ । २०४७ को संविधानमा पनि विघटित संसदलाई राजाले ब्युँताउन सक्छन् भनेर कहीँ पनि ब्यवस्था भएकै थिएन । खै त राजा ज्ञानेन्द्रले ब्युँताएर देखाएकै हुन् ।

संविधानमा ब्यवस्था नभए तापनि बहुमत प्राप्त प्रधानमन्त्रीले सो अधिकार प्रयोग गर्न मिल्छ भनेर प्रधानन्यायाधीशले निर्णय गरे भने अचम्म नमान्दा हुन्छ । नेताहरूले त सर्वोच्चको आदेश मान्लान्, मान्नु पनि पर्छ शेरबहादुरले भनेजस्तै । तर आम जनताले त्यो स्वीकार गर्लान् र ? नगरे पनि के त ? हदै भए जनआक्रोसले सर्वोच्च अदालत भवन जगैदेखि भत्काइदेला ।

कुनै बेला म्यानपावर कम्पनीका कार्यालयहरूलाई जनआक्रोसले तहसनहस गरेजस्तै । त्यसले प्रधानन्यायाधीसलाई केही फरक पर्दैन, उनलाई पनि अमेरिकी सहयोग र शैलीमा बनेको नयाँ सर्वोच्च अदालतको भवन बसेर न्याय दिने लालचा नहोला भन्न सकिन्न । अथवा खिलराजकै उत्तराधिकारी बन्न पाइन्छ कि भन्ने सपना पनि उनले पालेका होलान् । मान्छे नै हो सपना कसले पाल्दैन र ?

# कोरोना कहरमा कार्यकर्ता भेला



**गोविन्द विक**

नेकपाका अध्यक्ष तथा प्रधानमन्त्री केपी शर्मा ओलीले प्रतिनिधि सभा विघटन गरेपछि मुलुकमा अहिले राजनीतिक तरङ्ग सिर्जना भइरहेको छ । सत्तारुढ दल दुई खेमामा विभाजित भई आआफ्नै अडानमा मेरो पक्ष आधिकारिकता हो भन्दै एक अर्कामा आक्षेपको वर्षा गरिरहेका छन् । एक अर्का नेताका पोल खोल्न नेकपाका अध्यक्षद्वय पुष्पकमल दाहाल र केपी शर्मा ओली कम्मर कसेर लागेका छन् ।

कोरोना माहामारी सकिएको छैन । कोरोनाले संक्रमितहरूको ज्यान लिइरहेको छ । संक्रमण फैलने क्रम निरन्तर रुपमा बढिनै रहेको छ । यस्तो अवस्थामा पदका लागि किचलो गरेर नेकपाका नेताहरू कार्यकर्ता भेलामा देश दौडाहा गरिरहेका छन् । ओली र प्रचण्डले गर्ने भेला तथा कार्यक्रमहरूमा कोरोनाको मतलब गरिएको छैन ।

मास्क पनि नलगाई ठूलो जमात दखाउनका लागि सर्वसाधारणहरूलाई भेला गराएर एक अर्कालाई दोष लगाउन तल्लिन छन नेताहरू । प्रचन्ड र केपीको भेलामा सामाजिक दुरी कायम गर्नु पर्दैन र ? उनीहरूले आयोजना गर्ने कार्यक्रम तथा भेलामा कोरोना संक्रमण नफैलिने हो र ? पार्टीका कार्यकर्ता त भेडा हुनेरैछन्, अस्ती कोरोनाले भोकमरी हुँदा तिनै नेतालाई धारे हात लगाएर यी नेताले केही पनि गरेनन् गरिब जनता महामारीका कारण भोकमरी हुँदा पनि प्रधानमन्त्री केही गर्दैनन् । केपी प्रचण्ड जो भए पनि केही नहुने जनताका दुःख जहाँको त्यहीँ छन् भन्दै गाली गर्नेहरू नै आज ओली र प्रचण्डको भेलामा कोरोनाको प्रवाह नै नगरी ताली बजाउन गइरहेका छन ।

महामारीको बेलामा पनि कोरोना परिक्षणको शुल्क लिएर मात्र कोरोना जाँच सरकारले गर्छ भन्ने निर्णय गर्ने तिनै ओली होइनन र ? कोरोना माहामारीको त्यस्तो समयमा जनताको गाँसको कुरा नभइ आफ्नै हैसियतका लागि ओलीसँग कोठामा चुचो मिलाउनमा व्यस्त हुने तिनै प्रचन्ड होइनन र ? यस्ता कुरा थाहा हुँदा हुँदै पनि अहिले उनीहरूकै लागि उनीहरूलाई गतिलो बनाउन उनीहरूको नाक ठूलो पार्नका लागि जता बोलाउछन उतै भेला हुनु कतिको ठिक हो ?

आखिरी भेला भएर पनि आफ्ना दुखका विषयमा योजना सुनाउने जनताका दुःख कसरी समाधान गर्न सकिन्छ भन्ने कार्यक्रम सुनाउने होइनन् खाली ओलीले प्रचन्डलाई र प्रचन्डले ओलीलाई गाली गर्ने सिवाय केही पनि हुँदैन । त्यसकारण आफ्नो स्वास्थ्य भन्दा ठूलो नेताको भाषण हैन । आफना स्वास्थ्य भन्दा ठूलो नेताको भेला होइनन् । उनीहरूले जहाँ बोलाए त्यही गएर भीड जम्मा गर्नु ठिक होइन । उनीहरूलाई त लाज सरम सबै पचिसकेको छ । जे गर्दा पनि हुन्छ । उनीहरू शक्ति र सत्तामा रमाइराखेका छन । जे गर्दा पनि हुन्छ तर तपाई हामी भनेको श्रमजिवी जनता हो ।

**अहिले हामी नेताको भेलामा कोरोना प्रवाह नै नगरी भाषण सुन्न जान्छौं । त्यही जमातबाट कोरोना सल्कियो भने आफैंलाई घाटा हो । प्रचन्ड र ओलीको भेलामा गएर कोरोना भयो भने प्रचण्ड ओली कसैले पनि उपचार गरिदिदैनन । त्यसैले कार्यक्रममा जानुभन्दा पहिला आफू र आफ्नो परिवारप्रति सोच्नु जरूरी छ ।**

अहिले हामी नेताको भेलामा कोरोना प्रवाह नै नगरी भाषण सुन्न जान्छौं । त्यही जमातबाट कोरोना सल्कियो भने आफैंलाई घाटा हो । प्रचन्ड र ओलीको भेलामा गएर कोरोना भयो भने प्रचण्ड ओली कसैले पनि उपचार गरिदिदैनन । त्यसैले कार्यक्रममा जानुभन्दा पहिला आफू र आफ्नो परिवारप्रति सोच्नु जरुरी छ ।

कोरोना फैलिइने क्रम रोकिएको छैन । झन नया नया स्वरुपमा भाइरस फैलिइरहेको छ । भ्याक्सीन आयो भनेर लापरवाही नगरौ यीनेताको पाराले त तपाई हामी जस्ता सर्वसाधारण जनताले भ्याक्सीङ पाउन २ वर्ष भन्दा पनि धेरै समय लाग्छ । कोरोनाको समयमा भोकले भौतारिएर टुडीखेलमा लाइन बस्नेहरूलाई एकछाक खाना दिनको लागि त यो सरकारले ठोस भूमिका खेलेन भने भ्याक्सीन नै ल्याएर निशुल्क लगाइदेला भन्ने त धेरै पर को विषय हो । त्यसकारण कोरोना कालमा ज्यानै जोखिममा पारेर ओली र प्रचन्डको पक्ष लिएर सडक वा बैन्क्वीटमा हुने भेला तथा सभामा जानु भन्दा घरमै बस्दा सुरक्षित भइन्छ ।

अहिले, भेला, सभा, जुलुस, गर्ने समय हैन भन्ने कुरा नेताहरूलाई कसले बुझाउने ?स्वास्थ्य मान्त्रालय भिडा भाड नगर्नु सामाजिक दुरी कायम गर्नु कोरोनाको भयावह सकिएको छैन भन्दै प्रेस ब्रिफिङ गरिरहेको छ भने उता प्रधानमन्त्री कार्यकर्ता भेलामा व्यस्त छन । सत्तारुढ दलकै एउटा खेमा सडकमा आन्दोलन गरिरहेको छ । यि नेताहरूले जनतालाई कहिलेसम्म रमिता देखाउने हुन टुङगो भएन ।

# नेपालमा भारतीय विस्तारवाद र त्यसका दिर्घकालिन समस्याहरू-१९



सुदर्शन प्रधान

पंचायती कालमा शाही सेनाका कमाण्डरहरूको कतिसम्म मनोमानी र हुकुमीपारा र प्रवृत्ती थियो अनि त्यसले कस्तो सम्मको दुर्भाग्यपूर्ण घट्नाहरू घट्यो भनेर माथिको घट्नाले चरितार्थ पार्छ । तथापी उक्त घट्ना एक व्यक्तिगत घटना हो, आफ्नो श्रीमती र सानु बच्चाको असामयिक मृत्युवरणको मूलकारक व्यारेक भीत्रका प्रमुख कमाण्डरहरू भएको पाएपछि सिपाहीले राईफल चलायो । बदला लियो । त्यसपछि उक्त सिपाही के भयो र उनको नाम ठेगााना अझैसम्म गुपचुप छ । व्यक्तिगत घट्नाहरू यस्तै हुन्छन् ।शाहीसेना भीत्र यस्तो र अरु हजार हजार दुःखद् र दुर्भाग्यपूर्ण घट्नाहरू घटे हुनन् ।

देश र जनताको हितमा केन्द्रित विद्रोह र कदमहरू चाहिँ ऐतिहासीक हुन्छन् । जस्तो कि नेपाल र नेपाली जनतालाई १०४ वर्षसम्म अन्धकारमा राख्ने राणाशासनको तानाशाही र मनोमानी हुकुमी सत्ताको विरुद्धमा विद्रोह गर्ने गोर्खा जिल्ला मनकामनाका लखन सीं थापाले विद्रोह गर्दा राणाहरूबाट उनि निर्ममतापूर्वक मारिएका थिए । आज उनलाई नेपाली जनताले आफ्नो शहिद मान्छन् तर राणाहरूलाई आत्मैदेखि घृणा र उपेच्छा गर्छन् । अव काठमाडौं टुडिखेलको चारै तिरका सुरहरूमा घोडामाथि चढेका राणाहरूका मूर्तीहरू उखेलेर संग्राहलयमा राखिनुपर्छ र त्यहाँ विर बलभद्र कुँवर, अमर सीं थापा, भक्ति थापा, लखन सीं थापाहरूका पूर्णकदका मूर्तीहरू राखिनुपर्छ ।

चीनको एक विद्रोहको घट्ना पनि यहाँ सामयिक हुनसक्छ, सन् १९३७ मा साम्राज्यवादी जापानले चीनको पूर्वी भागमा आक्रमण गरी ठूलो भूभाग कब्जा गर्यो । तिनको विरुद्ध संयुक्त बनी राष्ट्रिय स्वाभीमान युद्ध लड्न माओत्सेतुङ नेतृत्वको कम्युनिष्ट पार्टीले च्याङ काई सेक नेतृत्वको कोमिङ ताङ सरकार सामु प्रस्ताव राख्यो । तर च्याङ काई सेकले ईन्कार्‍यो । त्यसवेला च्याङ काई सेक अधिनस्थ स्वेत सेनाका सैनिक जर्नेलहरू च्याङ श्वे ल्याङ र वाङ हुङ छेनहरूले राष्ट्रपति भएका च्याङ काई सेकलाइ सियान शहरमा गिरफ्तार गरि नजरबन्दमा राख्यो ।

च्याङ त्यहाँबाट भाग्यो तर सैन्य क्याम्पको पहाडको झाडीमा लुकेर बसेको रहेछ । उनलाई त्यहाँबाट फर्काएर ल्यायो । अनि सियानको भिले होटलमा चि.क.पा.का प्रतिनिधि चाओ अनलाई संग च्याङ काई सेकको भेट गराई जापान विरुद्ध संयुक्त सैन्य कार्वाही गर्न बाध्य तुल्यायो । यो कदमले सन् १९४५मा जापानबाट चिन मुक्त हुन ठूलो भूमिका खेल्यो ।

स्मरणरहोस्, नेपाल सेनाको बजेट नेपाल सरकारको अर्थमन्त्रालयले विनीयोजन गर्छ । जुन नेपाली जनताले तिरेको करबाट भनौं उनिहरूका रगत, पसिना र आसुँबाट प्राप्त हुन्छ । नेपाल सेनाभित्र हुने भ्रष्टचार, अनियमीत, अपचलन, वेरुजुबारे नेपाल सरकार सधैं मौन बस्छ, अख्तीयार थुरुथुरु काम्छ । स्वयं सेनासँग हुने बमगोला र बन्दुक नेपाली जनताले तिरेको करबाट प्राप्त हुने हो । तर सरकार त्यहीँ शस्त्रसँग डराउँछ र त्यहाँ प्रवेश गर्न सक्दैन । यो ठूलो अकर्मन्यता हो । त्यसको मूलकारण राज्य सञ्चालन गर्नेहरू स्वयं अपरादर्शी र वैध, अवैध रुपले करोडपती र अरवपती बन्नाका परिणामहरू हुन् । उनिहरूका पार्टीहरू राष्ट्र र जनताको उज्वल भविष्यको मार्गमा पथ दर्शन गर्न असक्षम र अयोग्यताका परिणामहरू हुन् । नेपालमा "जनआस्था साप्ताहिक" नाउको एउटा पत्रिका छ, जसले "नेपाल सेना" भीत्रका "जाटे पिलोहरू" छताछुल्ल पारिदिन्छन् । तर यो गणतन्त्र आउँदासम्मपनि राज्यसञ्चालकहरू त्यसलाई पछ्याउन र कार्वाही गर्न तदारुकता देखाउँदैनन् ।

नेपाल सेनाभीत्र अझसम्म राणाकालका प्रवृत्ती, चीन्तन, संस्कार र संस्कृतीहरू प्रवल छन् । जर्नेल र कर्णेलहरूलाई "राजा साहेव", उनिहरूका श्रीमतीहरूलाई "रानी साहेव", तिनका छोरीहरूलाई "मैयाँ साहेव" "खाईस्योस् ! गईस्योस् !"

*(क्रमशः)*

# मैले देखेको १५२ औं विश्व सम्पदा
# बेजिङको इम्पेरियल प्यालेस

सुरेन्द्र ढकाल


परबाट हेर्दा दरबार क्षेत्र यस्तो देखिन्छ


प्रवेशद्वारबाट दरबार यस्तो देखिन्छ



सुनका इँटाले छापेको दरबारको भित्री कक्ष



दरबार प्रवेश गर्ने दैवी शक्ति द्वार (उत्तरी ढोका)


दरबार क्षेत्रमा पर्यटकहरू


दरबार क्षेत्रभित्रका कलात्मक मन्दिर


दरबारभित्रका बगैंचा


दरबारको पर्खालको भित्तामा कुँदिएको ड्रयागन


इम्पेरियल प्यालेसभित्र सुरेन्द्र सन् २००५ सेप्टेम्बरमा

थाइलैण्डको बैंकक र पत्ताया घुमेर ३१ जुलाईको दिन नेपाल फर्केपछि म फेरि आफ्नो नियमित काममा लागेँ। तत्पश्चात आठ सेप्टेम्बरमा २००५ को दिन चीनको बेजिंगतर्फ लागेको कुरा मैले देखेको छैठौं विश्व आश्चर्य चीनको ग्रेटवाल भन्ने अगाडिको लेखमा बताइसकेको छु। सेप्टेम्वर नौ तारिखको दिन ग्रेटवालको अवलोकन गरिसकेपछि १० तरिखका दिन मैले बेजिंगमा रहेको अन्य विश्व सम्पदा अवलोकन गर्ने विचार गरी बिहानै इम्पेरियल प्यालेस (सम्राटको महल), थिआनानमेन स्क्वायर र अध्यक्ष माओको समाधिस्थल अवलोकन गर्ने उद्देश्यले सर्बप्रथम बिहानको १० बजे इम्पेरियल प्यालेस पुगेँ।

**बेजिङको इम्पेरियल प्यालेस**

बेजिङको तोङचङ जिल्लाको फरविडन सिटीमा रहेको यो दरबारको चिनिया नाम भने चिजिनचङ रहेछ। ७ लाख २० हजार वर्गमिटर (१८० एकड) मा फैलिएको यो दरबारक्षेत्र विश्वकै सबैभन्दा ठूलो दरबारक्षेत्रभित्र पर्दो रहेछ। बेजिङ शहरको मुटुमा रहेको यो दरबारको वरिपरि ऐतिहासिक कालदेखि नै सहरी विकास हुँदै आएको रहेछ। दरबार परिसरभित्र प्रवेश गर्दा चोंगसान पार्कसहित ५४ एकड जमिनमा चारैतिरबाट अति सुन्दर बगैंचै बगैंचाले सिंगारिएको अनि ज्यादै राम्ररी संरक्षण गरिएको अवस्थामा दरवार ठडिएको भेटिदो रहेछ।

पहिले यो मिङ वंशका चिनिया सम्राटको हिउँदकालिन निवास रहेछ। पछि सन १९२४ सम्म छिङ वंशका सम्राटहरूले पनि यसलाई आफनो निवास बनाएका रहेछन्। ५०० वर्षसम्म सम्राटको दरबार भएको कारण यो चीनको आधुनिक सभ्यता, राजनीति र सस्कृतिको संगमस्थल बन्न पुगेको रहेछ।

सन १४०६ देखि १४२० सम्मको अवधिमा चीनको परम्परागत वास्तुशैलीमा बनेको यस दरबार र यस वरिपरिका सहरी वस्तिमा गरी ९८० वटा भवन रहेको जस्मा ९ हजार ९ सय ९९ कोठाहरू भएको बताइँदो रहेछ। सन १९८७ देखि नै विश्व सम्पदा सूचीमा रहेको र काष्ठकलाले परिपूर्ण यो दरबार र यसको परिसर बेजिङको मुख्य पर्यटक आकर्षणस्थल मानिदो रहेछ।

सन १९२५ पछि भने सम्राटको निवासबाट यसलाई दरबार म्युजियमको रुपमा रुपान्तरण र ब्यवस्थित गरिएको रहेछ। एकै शब्दमा भन्नु पर्दा यस दरबार र यसको परिसरलाई मिङ र छिङ वंशको गर्वको रुपमा लिइदो रहेछ। वर्षको एक करोडभन्दा बढी पर्यटकहरू पुग्ने यो दरबारबाट चीन सरकारले वार्षिक ५० अरबभन्दा बढीको आय गर्ने कुरा हामीलाई जानकारी गराइएको थियो। यस दरबारमा सम्राटको आज्ञाबाहेक अरु कसैको अनुमतिमा प्रवेस गर्न नपाइने हुँदा यस दरबार परिसरलाई चिजिनचङ (हल्का प्याजी रंगको (पर्पल) उत्तरी तारा याने फरविडन सिटि) भनिएको रहेछ।

भगवानले सम्राटलाई पृथ्वीमा शासन गर्न पठाएको र पृथ्वीमा रहेको भगवानको निवाशको रुपमा यो दरबार पुजिँदो रहेछ। इतिहास खोतल्दै जाँदा जब सम्राट होङ वुका छोरा चुदीले आफ्नो राजधानी नानजिङबाट बेजिङ सारेलगत्तै सन १४०६ मा यस दरबारको निर्माण शुरु भएको बताइँदो रहेछ।


निर्माण सम्पन्न गर्न १४ वर्ष लागेको यस दरवारको निर्माणमा १० लाख कामदारहरूको श्रम प्रयोग भएको रहेछ। चीनको दक्षिण पश्चिम जंगलमा पाइने काठमा मूल्यवान तथा सर्वोत्कृष्ट गनिने चेन्नान काठबाट बनेको यस दरबारमा बेजिङ नजिकैको खानीबाट निकालिएको सिंहमरमर प्रयोग भएको रहेछ। दरबारको मुख्य मुख्य बैठक कक्षहरूको भुइँ सुनका इँटाहरूले छापिएको रहेछ। दरबारको भित्री पर्खालका भित्ताहरूमा आर्कषक रुपबाट ड्रागनहरू कुँदिएका रहेछन।

मञ्चु वंशले उत्तरी चीनमा आफनो आधिपत्य कायम गर्ने क्रममा भएको युद्धको कारण आगजनी भई यस दरवारमा हल्का क्षति पुग्न गएको रहेछ। सन १८६० मा भएको अफिम युद्धश्चात यस दरबार क्षेत्रलाई अंग्रेज र फ्रेन्च सैनिकले संयुक्त रुपमा आफनो नियन्त्रणमा लिएका रहेछन्। मिंग वंशका १४ र छिङ वंशका १० सम्राटहरूको निवाश भएको यो दरवार सन १९१२ मा भएको राजतन्त्रको अन्त्यसंगै राजनीतिको केन्द्र विन्दुबाट अलग्गिन पुगेको रहेछ र १९२४ देखि यो दरवार म्युजियममा रुपान्तरण भएको रहेछ।

सन १९३३ मा भएको चीन जापान युद्धताका यहाँको बहुमूल्य वस्तुहरू जापानीहरूले लुटेर लगेका रहेछन र त्यसमध्ये केही वस्तुहरू दोस्रो विश्वयुद्धपछि चीनलाई फिर्ता गरिएको बताइँदो रहेछ। चीनबाट ताइवान छुट्टिँदा केही बहुमुल्य वस्तु ताइपेयीमा रहेको संग्रहालयमा पुगेको रहेछ। सन १९४९ मा चीनमा कम्युनिष्ट गणतन्त्रको स्थापना भई चलेको सास्कृतिक क्रान्तिताका यो दरबारको पनि केही भागमा क्षति पुग्न गए तापनि पछि प्रधानमन्त्री चाउ ऐनलाईको निर्देशनमा एक बटालियन सैनिक राखी यस दरबारलाई अरु क्षति हुनबाट बचाइएको रहेछ।

यस दरबारको उत्तरी प्रवेशद्वारको नाम दैविक शक्ति द्वार ( The Gate of Divine Might (*Shenwumen*) रहेछ। चारैतिर बाट करिव ८ मिटर अग्ला पर्खालले घेरिएको यो दरवारिया शहरी क्षेत्र दक्षिणमा थियानानमेन चोकसम्म फैलिएको हुँदा चीनको सार्वजनिक समारोह स्थलको रुपमा पनि स्थापित हुन पुगेको रहेछ। चारै दिशामा अति सुन्दर आकर्षक कलात्मक द्वार रहेको यस दरवार क्षेत्रमा करिव ३ घण्टा विताई म थियानान मेन चोकतर्फ लागे। त्यतिखेर दिनको एक बजेको थियो।

# ४१. जनमतसंग्रह गराउने शाही घोषणा-२




■ शम्भुराम श्रेष्ठ

२००७ सालको अन्तरिम शासन विधानको सबभन्दा मूल कुरा नै संविधानसभाको निर्वाचन गराउने हुँदाहुँदै पनि टंकप्रसाद आचार्य, बीपी कोइराला र डिल्लीमरण रेग्मीले त्यसलाइए परित्याग गरी राजाले दिएको संविधानलाई स्वीकार गर्ने बेबकुफी जो गरेका थिए, त्यसले गर्दा राजा महेन्द्रले आफूले चाहेको बेला निर्वाचित संसद र सरकारलाई विघटन गर्न सक्ने प्रावधान समावेश गरेर २०१५ सालको संविधान दिने र २०१७ साल पुस १ गतेको दिन निर्वाचित संसदलाई भंग गर्ने सैनिक 'कु' गर्ने संवैधानिक अधिकारसहितको अवसर हात पार्न सके । २०४७ सालको संविधानले राजालाई सक्रिय हुन सक्ने कुनै ठाउँ दिएको छैन । तर पनि नेपाली कांग्रेसका दुइटै समूह र एमालेका नेताहरूले सत्ता मोहले हो अथवा उल्लंघन गरी संविधानको धारा १२७ को गलत अर्थ लगाई राजालाई गलत ढंगले उक्त धारा प्रयोग गर्न उक्साएर सक्रिय हुने पूरै मौका दिए । अतः देशमा आजको नाजुक स्थिति पैदा हुन जानुमा राजा मात्रै होइन, ती पार्टी नेताहरू पनि उत्तिकै जिम्मेवार छन् ।

'आह्वान' को रुपमा घोषणापत्र जारी गरिएदेखि निर्दलवादी पञ्चहरू नेपाली कम्युनिस्ट जमातमाथि हिंसात्मक रुपले खनिन थाले भने उता कांग्रेसीहरू र बहुदलीय संसदवादलाई मात्रै प्रजातन्त्र ठान्ने राजनीतिक रुपले पूरै अबुझ बुद्धिजीवीहरू कम्युनिस्ट जमातले निर्दलीय पञ्चायत व्यवस्थाको मात्र विरोध गर्नुपर्नेमा बहुदलीय संसदीय व्यवस्थाको पनि विरोध गऱ्यो भनेर कम्युनिस्ट जमातको आलोचना गर्न कस्सिएर लागे । निश्चय नै 'सुधारिएको निर्दलीय पञ्चायती व्यवस्था' र 'बहुदलीय व्यवस्था' मध्ये कुनै एउटालाई रोज्न जनमतसंग्रह गराउने घोषणा भएको हुनाले तेस्रो पक्षको निम्ति, अर्थात् सच्चा प्रजातन्त्रको पक्षमा मतदान हुँदैन भन्ने कुरा हामीलाई थाहा नभएको होइन, राम्ररी नै थाहा भएकै कुरा हो, जुन कुरा सहजबुद्धि हुने जो कोहीले पनि सजिलै बुझ्ने कुरा हो । हामीले सच्चा प्रजातन्त्र (जनतन्त्र) को पक्षमा आवाज उठाएको त रणनीतिक दृष्टिकोणले मात्रै हो अर्थात् पुँजीवादी प्रजातान्त्रिक -जनतान्त्रिक) क्रान्तिलाई पूरा गर्नु बाँकी नै छ र त्यसलाई पूरा गर्नका लागि राजनीतिक तथा संगठनात्मक रुपले आम नेपाली जनतालाई सजक गराइरहनका लागि गरेको मात्रै हो । जहाँसम्म 'सुधारिएको निर्दलीय पञ्चायती व्यवस्था' र 'बहुदलीय व्यवस्था' मध्ये कुन चाहिँलाई रोज्ने भन्ने कार्यनीतिक सवाल छ, यस सम्बन्धमा हाम्रो नीति 'निर्दलीय पञ्चायती व्यवस्थाविरुद्ध मतदान गर, त्यसलाइ हराऊ र बहुदलीय व्यवस्थाको पक्षमा मतदान गर र त्यसलाई जिताउ' भन्ने नाराबाटै प्रस्ट हुन्छ ।

निर्दलवादी पञ्चहरू नेपाली कम्युनिस्ट जमातविरुद्ध कतिसम्म गिरेर उत्रे भन्ने कुरामा दुईटा उदाहरणहरू तल उल्लेख गरिएका छन्, जो यसप्रकार छ :

१. एउटा घटना काठमाडौं जिल्लामै अवस्थित नेपालको एक प्राचीन, प्रख्यात साँखु नगरको सुन्टोल भन्ने ठाउँमा आयोजित कम्युनिस्ट जमातको आमसभा र सोही ठाउँमा घटेको ज्यानकाण्ड । मैले सम्बोधन गरिरहेकै बेला निर्दलीय पञ्चायती शासनकै गृहमन्त्री जोगमेहर श्रेष्ठको अगुवाईमा निर्दलवादी गुण्डाहरूले हूलका हूल भएर आमसभाको मञ्चमाथि आक्रमण गर्न पटक पटक अघि बढे तर मञ्चनेर पुगेपछि आक्रमण गर्न आँट्न नसकेर पछि हट्थे । सो आमसभा जेनतेन सफलतापूर्वक सम्पन्न भयो । सो आमसभा भएको लगत्तैदेखि दिनहुँ जस्तो भिडन्त भइरहन्थ्यो । एकदिन थुप्रै निर्दलवादी गुण्डाहरूले खुकुरी, छुरा र भाला लिएर हाम्रा पाँच-सात जना कार्यकर्ताहरूमाथि सांघातिक हमला गरे । विल्कुलै नराम्ररी दुई पक्षबीच भिडन्त भयो । आत्मरक्षाका लागि अष्टभक्त चित्रकार नाउँ गरेको हाम्रो एक जना कार्यकर्ताले बाध्य भएर त्यही पञ्चायतकै प्रधानपञ्चको छोरालाई छुरा प्रहार गरे । तत्कालै उक्त निर्दलवादी आततायीको ज्यान गयो । घटनास्थलमै अष्टभक्त चित्रकार पक्राउ परे । उसको विरुद्ध ज्यान मुद्दा चलाइयो र साँखुका प्राय हाम्रा सबै कामरेडहरूमाथि वारेन्ट जारी गरियो । कतिले केही वर्ष भारतका विभिन्न स्थानमा प्रवासी भएर बस्नुपऱ्यो । केही वर्षपछि अष्टभक्त चित्रकार आत्मरक्षाका लागि मात्र छुरा प्रहार गरेको ठहर भई जेल बसेको अवधिभर सजाय तोकिई जेलबाट रिहा गरियो । अन्य कामरेडहरूले सफाइ पाए । अनि उक्त ज्यान मुद्दा जोगमेहर मुद्दाको रुपमा प्रख्यात हुन गयो ।

२. दोस्रो घटना, झापा जिल्लाका विभिन्न सहर बजारमा आयोजित कम्युनिस्ट जमातका आमसभाहरू र केर्खा बजारमा घटेका हिंसात्मक काण्ड । झापा जिल्लामा बिर्तामोड, काँकरभिट्टा र ती दुईको बीचमा पर्ने झापाको प्रमुख व्यापार केन्द्र गरी तीन ठाउँमा मैले आमसभाहरूलाई सम्बोधन गरेँ । ती आमसभाहरूले झापा जिल्लाका तमाम जनसमुदायहरूमा निर्दलीय पञ्चायती व्यवस्थाको विरोधमा र बहुदलीय व्यवस्थाको पक्षमा अभूतपूर्व प्रभाव पारे । त्यसको परिणाम निर्दलवादीहरूको कम्युनिस्ट जमात विरुद्धको रिसले सीमा पार गऱ्यो । स्थानीय पच नेताहरूले कम्युनिस्ट जमातका प्रमुख नेता गोपालकृष्ण प्रसाईं र झापा जिल्ला स्तरीय अन्य नेता तथा कार्यकर्ताहरूलाई हत्या गर्ने योजना बनाएर दारासिंह र टाइगर नाम गरेका झापाका कुख्यात ज्यानमारा गुण्डाहरूलाई खुकुरी, भाला र तरबार दिएर कम्युनिस्ट जमातका नेता तथा कार्यकर्ताहरूमाथि सांघातिक हमला गर्न लगाए । केर्खा बजारमा भएको उक्त आक्रमणको क्रममा गोपालकृष्ण प्रसाईंलाई मारिहाल्ने विचारले ८-१० जना गुण्डाहरूले लाठीबाँस प्रहार गरेर उहाँकी माहिली छोरी श्यामा मैयाँले बाबुमाथि क्रुरतापूर्वक लाठीबाँस प्रहार भइरहेको देखेपछि आफ्नो ज्यानको पर्वाह नगरी आफ्नो बाबुमाथि पूरै ढाकिने गरी आफ्नो शरीरले ढाकिदिइन् । गुण्डाहरूको निर्मम प्रहारले छोरी मैया श्यामा त बेहोस् परिन् तर का.गोपालकृष्ण प्रसाईंको ज्यान जोगियो । त्यही भिडन्तको क्रममा का.गोपालकृष्णकै भानिज कुसुम ओली शिरको चोटले अहिलेसम्म बाँचिरहेकै भए तापनि एकदमै चेतनाविहीन भएर अर्धमुर्दाको अवस्थामा रहिरहेका छन् । त्यही नै भिडन्तकै क्रममा रगतले मुछिएको खुकुरीसहित घटनास्थलमा नै का.सिरी चामलिङ पक्राउ परे । उनको विरुद्ध दुई जना निर्दलवादी पञ्च कार्यकर्ताहरूलाई मारेको अभियोग लगाएर मुद्दा चलाइयो । डेढ दुई वर्ष जति पछि धनकुटास्थित पूर्वाञ्चल क्षेत्रीय अदालतमा मुद्दा पेशी भयो र सुनुवाइको दिन म आफैं पनि अधिवक्ता सुवास नेवाङलाई साथमा लिएर धनकुटा पुगेँ । अदालतमा सुनुलाई हुनुभन्दा अगाडि नै सरकारी वकिलले प्रतिवादीलाई अर्थात् हामीहरूलाई दुःख दिने बदनियतले कागजात तयार नभइसकेको बहाना गरी सुनुवाई पछि सार्ने निर्णय आदेश गराइसकिएको रहेछ । संयोगवश मुख्य न्यायाधीशले हामीहरू अदालतको भवनभित्र बसेको देखेछन । हामीहरू इजलासभित्र पस्नासाथ उहाँले सरकारी वकिललाई झपार्दै कागजात तयार भइनसकेको भए तयार गर्नोस् र मुद्दाको सुनुवाई र निर्णय आजै हुन्छ भनेर भनिरहनु भएको हामीले सुन्यौं । कारबाही सुरु भयो । मुख्य न्यायाधीशले सिरी चामलिङले आत्मरक्षाको लागि हानेको खुकुरी प्रहारबाट दुई जनाको ज्यान गएको बुझिएकाले जेल बसुन्जेलसम्मको सजाय तोकी सिरी चामलिङलाई तुरुन्त रिहा गरिदिने आदेश दिएर मुद्दाको फैसला सुनाउनुभयो ।

ज्नमतसंग्रहको क्रममा भएको उपरोक्त ज्यान मुद्दामा वरिष्ठ अधिवक्ता दमननाथ ढुंगाना, कृष्णप्रसाद भण्डारी, कुसुम श्रेष्ठ, सुवास नेवाङ र राधेश्याम अधिकारी र वैधनाथ उपाध्यायले विल्कुलै निःशुल्क सहयोग गर्नुभएको थियो । उहाँहरू हाम्रा धन्यवादका पात्र हुन् । उहाँहरूको यो सहयोग हामी कहिल्यै बिर्सन सक्नेछैनौं ।

कथा

# मनभित्रका पर्दाहरू

✍ सुमन पौडेल

हामी जन्मिएदेखि हाम्रा कानमा विभिन्न आवाजहरू गुन्जिरहन्छन् र हाम्रो मनमा विभिन्न ध्वनिहरू उठिरहन्छन् । कतिपय आवाज वा ध्वनिहरूलाई हामी सुन्न सक्छौं, कतिपयलाई सुन्न सक्दैनौं । साँचो अर्थमा भन्ने हो भने हामी कुनै पनि कुरा राम्रोसँग सुन्दै सुन्दैनौं । केही गरी सुन्यौं भने पनि सुन्ने कुरामा हाम्रो ध्यान निकै कम हुन्छ । हामी हरदम बोली मात्र रहन्छौं । यदि वरिपरि कोही मानिसहरू छन् भने उनीहरूले सुन्ने गरेर बोल्छौं भने एक्लै हुँदा पनि आफैंसँग बोलिरहन्छौं । हामी अरुसँग कुराकानी गर्दा पनि अरु बोलिरहेका बेलामा हामीले उनीहरूको कुरालाई राम्रोसँग सुन्नुअगावै त्यसको प्रतिरोध स्वरुप के बोल्ने भनेर स्वयं आफैंसँग मनभित्र बोलिरहेका हुन्छौं । फलस्वरुप हामीले कुनै पनि कुरा राम्रोसँग सुन्नै सक्दैनौं ।

देख्नु वा सुन्नु भनेको के होला ? हामीले देख्नु भनेको हामीले हाम्रो मस्तिष्कमा बनाएको चित्र हो वा देख्नु भनेको हाम्रो मनले बनाएको एउटा कल्पना मात्र हो ? सायद हामीले कुनै व्यक्तिलाई वा वस्तुलाई हेर्दा ठीक जस्तो छ त्यस्तै देख्दैनौं र एउटै व्यक्तिको पनि विभिन्न तरिकाले व्याख्या गरिन्छ । हामीले हेर्ने व्यक्ति र देखिने वस्तुबीच एउटा पर्दा हुन्छ जसका कारण हामीले वस्तु जस्तो छ गीक त्यतै देख्न सक्दैनौं । हुन सक्छ त्यो पर्दा रिसको, लोभको, चाहनाको, सुखको, दुःखको, इर्ष्याको, डरको वा उत्साहको हुन सक्छ तर हेर्ने व्यक्तिले कुनै न कुनै यस्ता भावको पर्दाद्वारा नै वस्तुलाई हेर्छ । हाम्रो मस्तिष्कले निर्माण गरेको यस्ता विभिन्न भावका पर्दाक कारण हामीले वस्तु वा व्यक्ति ठीक जस्तो छ त्यस्तै देख्न सक्दैनौं ।

सुन्नु भनेको के होला ? के हामीले ठीक त्यही कुरा सुनिरहेका हुन्छौं जुन बोल्ने व्यक्तिले बोलिरहेको हुन्छ । सायद हामीले जसरी ठीक ढंगले देख्न सक्दैनौं त्यसैगरी हामी ठीक तरिकाबाट सुन्न पनि सक्दैनौं । हामीले सुन्ने क्रममा पनि विभिन्न भावको पर्दाद्वारा सुनिरहेका हुन्छौं जसरी हामीले विभिन्न भावका पर्दाद्वारा देखिरहेका हुन्छौं । उदाहरणका लागि यदि कुनै प्रेमीले प्रेमिकालाई हेरिरहँदा र उनको कुरा सुनिरहँदा उसले सुखको भावद्वारा हेरिरहेको र सुनिरहेको हुन सक्छ फलस्वरुप उसले आनन्दको महसुस गर्छ । तर यदि त्यही व्यक्तिले आफ्नो स्वभावसँग मेल नखाने व्यक्तिलाई हेरिरहेको र उसको कुरा सुनिरहेको छ भने उसले रिसको भावद्वारा हेरिरहेको र सुनिरहेको हुन सक्छ, फलस्वरुप ऊ रिसाउँछ । तर उसले प्रेम गर्ने प्रेमिका र उसको स्वभावसँग मेल नखाने व्यक्तिको आधार र अस्तित्व एउटै हुन्छ । अर्को उदाहरणका निम्ति एउटा श्रीमानले श्रीमतीको कुरा सुनिरहँदा उसले क्रोध वा चिन्ताको भावले सुनिरहेको हुन सक्छ फलस्वरुप उसले श्रीमतीले भनेको कुरा ठीकसँग ग्रहण नगर्न पनि सक्छ ।

हामी हरदम आफ्नै किसिमको मान्यता, सोच र भाव बोकेर हिँडिरहेका हुन्छौं जसका कारण भन्ने व्यक्तिले भनेको कुरा ठीक तरिकाले ग्रहण गर्न सक्दैनौं । यसैबीच मलाई एउटा रमाइलो घटना याद आयो । ? श्रीमान् र श्रीमतीको विवाह भएको लगभग एक वर्ष पुगेछ र यसै क्रममा श्रीमतीले श्रीमानसँ आग्रह गरिछन्- सुन्नुस् न, भोलि हाम्रो विवाह भएको एक वर्ष हुँदैछ । भोलि शनिबार हो र हाम्रो अफिस पनि बिदा छ । फेरि म घरमा खाँदाखाँदा दिक्क भइसकेँ, त्यसैले भोलि हामी कतै बाहिर खाना खान जाउँ न हो ? श्रीमानले पनि आफ्नी श्रीमतीको कुरा सुनेर खुसी हुँदै हुन्छ भनेछन् । भोलिपल्ट बिहानै ४:०० बजे श्रीमान् उठेछन् र खाना बनाउने तयारीमा जुटेछन् । उसले श्रीमती सुतिरहेकाले जगाउन त्यति उचित ठानेनन् । श्रीमानले खाना बनाइसकेर प्याकिङ मात्रै के गर्दै थिए, श्रीमती ठीक मुख धुनका लागि उठिन र श्रीमानले खाना बनाएर प्याकिङ गर्दै गरेको देखिन् । उनले भनिन्- 'आज हामी बाहिर खाना खान जाने भनेको होइन र ? श्रीमान्ले भने, हो हामी बाहिर नै खाना खान जाने हो । श्रीमतीको प्रश्न, त्यसो भए किन फेरि तपाईंले खाना प्याकिङ गर्दै हुनुहुन्छ त ? यो सब केका लागि ? श्रीमानले जवाफ दिए- यो सब हाम्रै लागि हो र मैले तिमीलाई निकै मनपर्ने काउलीको तरकारी पनि बनाएको छु । तिमी घरमा खाँदा खाँदा दिक्क भएकाले मैले सबै खानेकुरा प्याकिङ गरेको । अब हामी घर बाहिर तिमीले जहाँ भन्छ्यौ त्यहीँ गएर खाना खाउँला ।

के हामी कुनै पनि वस्तु हेर्दा वा कुनै कुरा ग्रहण गर्दा हाम्रो मनले वा विचारले निर्माण गरेका भावलाई हटाएर कुनै वस्तु हेर्न वा कुनै कुरा ग्रहण गर्न सम्भव छ ? सायद त्यसो भएमा मात्रै हामीले ठीकसँग सुन्न र हेर्न सक्छौं । मलाई लाग्छ जुन व्यक्तिले ठीकसँग ग्रहण गर्न सक्छ त्यही व्यक्तिले ठीकसँग प्रस्तुत पनि गर्न सक्छ । प्रस्तुत गर्न सक्ने कला गंहण गर्न सक्ने कलामा निर्भर गर्छ । हामीले एक अर्कालाई ठीकसँग सुन्न नसकेकै कारण संसारमा हत्या, हिंसा र आतंकजस्तो असामाजिक क्रियाकलाप बढिरहेको छ । जुन देशमा हत्या, हिंसा र आतंक अधिक मात्रामा छ, त्यो देशमा मानिसहरूले एक अर्कालाई ठीकसँग सुनिरहेका छैनन् भन्ने कुराको प्रमाण हो । अन्त्यमा यदि हामीले संसारमा स्थायी शान्ति कायम गर्ने हो भने र सुखी जीवन बिताउने हो भने हामीले ठीकसँग सुन्न सक्ने कलाको विकास गर्नु आवश्यक छ ।

# ढकाल सम्मानित

बागलुङ । नेपाल उद्योग वाणिज्य महासंघका वरिष्ठ उपाध्यक्ष चन्द्रप्रसाद ढकाल बागलुङ जिल्लाका विभिन्न संघसंस्थाबाट सम्मानित हुनुभएको छ । ग्रुपका विभिन्न कम्पनीहरूले आयोजना गरेका व्यवसायीक कार्यक्रमहरूलाई सम्बोधन गर्न गृह जिल्ला बागलुङ पुग्नुभएका ढकाललाई सोही अवसरमा त्यहाँका स्थानीय संघसंस्थाले छुट्टाछुट्टै कार्यक्रमको आयोजना गरी सम्मान गरेका हुन् ।

नेपाल उद्योग वाणिज्य महासंघका वरिष्ठ उपाध्यक्ष चन्द्रप्रसाद ढकालले सरकारले निजी क्षेत्रलाई आफ्नो व्यवसायिक पार्टनरको रुपमा नहेर्दासम्म मुलुकमा व्यावसायिक वातावरण बन्न नसक्ने बताउनुभएको छ ।

आइएमई ग्रुपका अध्यक्ष समेत रहेका वरिष्ठ उपाध्यक्ष ढकालले देशमा लगानीमैत्री वातावरण बनाउन, निजी क्षेत्रलाई लगानीका लागि सहजीकरण गर्न र सम्मृद्ध नेपाल निर्माण गर्न राज्यले निजी क्षेत्रलाई हेर्ने परम्परावादी दृष्टिकोणमा परिवर्तन गर्नुपर्ने बताउनुभयो ।

राज्यले निजी क्षेत्रलाई पुरानै दृष्टिकोणले हेर्ने हो भने जति नै धेरै लगानी सम्भावनाहरू भए पनि निजी क्षेत्रको लगानी आउननसक्ने उहाँले बताउनुभयो । उहाँले भन्नुभयो- राज्यको परम्परागत नियम, कानुन र दृष्टिकोणले व्यवसायीहरूलाई सहजीकरण भन्दा पनि निरुत्साहित गरेको देखिएको छ ।

हाल देशमा पूँजीका कारण अर्थात् पैसाका कारण कुनै व्यवसाय गर्न नसक्ने अवस्था नरहेको उहाँले बताउनुभयो । उहाँले भन्नुभयो- जस्तो कि अहिले कुनै एक सानो कम्पनीको आइपिओ खुल्दा पनि १० गुणा, २० गुणासम्म बढी आवेदन पर्दछ, यसैबाट देखिन्छ कि जनतासँग छरिएर रहेको पूँजी धेरै छ, मात्र त्यसलाई एकतृत गरेर लगानीमा लगाउनुपर्छ ।

# पोषणयुक्त खानेकुरा जसले रोग प्रतिरोध क्षमता बढाउँछ



शरीरलाई आवश्यक पोषण तत्वमध्ये अधिकांशको स्रोत खानेकुरा नै हो, जो हामी ग्रहण गर्छौं । प्रकृतिमा पाइने खानेकुरामा आ-आफ्नै पौष्टिक तत्व हुन्छ । ती सबैको सन्तुलित मात्रा शरीरलाई चाहिन्छ । स्वस्थ्य जीवनका लागि सन्तुलित पौष्टिक आहार अति आवश्यक हुन्छ ।

शारीरिक सक्रियतासँगै खानपानको सन्तुलन कायम गर्न सकियो भने, सामान्य रोगहरूको असर रहँदैन । किनभने यसले हाम्रो प्रतिरक्षा प्रणाली बलियो बनाउँछ । यहाँ त्यस्तै केही 'सुपर फुड' दिइएको छ, जसको नियमित सेवनले रोगको भयबाट बच्न सकिन्छ ।

**नीमको पात**

नीमको पात सहजै उपलब्ध हुन्छ । त्यसो त नीमको पातदेखि बिज, बोक्रा सबै स्वास्थ्यका लागि फाइदाजनक मानिन्छ । दाँतको सफाईमा नीमको दातुन उत्कृष्ट बिकल्प हो । हुन त नीमको पात सोझै सेवन गर्दा धेरै तीतो हुनसक्छ । त्यसलाई पिसेर गोली बनाउने । अतः नियमित रुपमा खाली पेटमा सेवन गर्नुपर्छ ।

यसले रगत शुद्धिकरण गर्छ, प्राकृतिक रुपमा । शरीरमा इम्युनिटी बुस्ट गर्छ । साथै छाला सम्बन्धी समस्या पनि हटाउँछ । नीमको पात मिश्रण गरिएको पानीले नुहाउँदा छालाको रोग लाग्दैन ।

**केसरयुक्त दुध**

केशरयुक्त दुधको सेवनले शरीरमा ताकत मिल्छ । यसले छाला, केस, आँखामा राम्रो प्रभाव पार्छ । साथसाथै केसरयुक्त दुधको सेवन यौन दुर्बलतामा पनि फाइदाजनक मानिन्छ । गर्भवतीले केसर मिश्रित दुध पिउनु राम्रो हो । यसले आमा र गर्भको बच्चा दुबैलाई फाइदा गर्छ ।

**अदुवाको सेवन**

अदुवा, भान्सामा सजिलै पाइन्छ । यसले तरकारीको स्वाद त बढाउँछ नै, स्वस्थ्यका लागि फाइदाजनक पनि हुन्छ । खासगरी चिसोले सताएको छ भने अदुवाको चिया बनाएर पिउनुपर्छ । बाह्य चोट पटकमा समेत औषधीको काम गर्छ यसले । केस झर्नबाट रोक्न, केस उमार्न अदुवाको रस उपयोगी हुन्छ ।

**तुलसीको पात**

तुलसी त आर्युवेदमा अति महत्वपूर्ण वनस्पती मानिन्छ । यसलाई हामी घर आँगनमा रोपेर पूज्ने पनि गर्छौं । वास्तवमा तुलसी बहुगुणी वनस्पती हो । दैनिक ५-७ वटा तुलसीको पात खानाले रोग प्रतिरोधात्मक क्षमता बढ्छ । चिसो वा रुँघामा तुलसीको चिया बनाएर सेवन गर्नुपर्छ, फाइदा गर्छ ।

**दही**

दहीमा यस्तो सुष्म ब्याक्टेरिया पाइन्छ, जो पाचन यन्त्रका लागि अति फाइदाजनक मानिन्छ । दहीको सेवनले पेट सम्बन्धी रोगबाट छुटकारा मिल्छ । यद्यपी दही बिहान वा मध्यन्हको खानामा मात्र सेवन गर्नुपर्छ । राती दही सेवन गर्नु हानिकारक मानिन्छ ।

**ग्रीन टि**

ग्रीन टि एन्टिअक्सिडेन्टको सबैभन्दा राम्रो स्रोत हो । पेट सफा राख्न, रगतको शुद्धिकरणका लागि समेत ग्रीन टि उपयोगी हुन्छ । ग्रीन टिमा यस्तो तत्व हुन्छ, जसले शरीरमा रोगसँग लड्ने क्षमता बढाउँछ । यो छाला, केस, हड्डी स्वस्थ्य राख्न प्रभावकारी मानिन्छ । ग्रीन टिमा एन्टि क्यान्सर गुण समेत हुने अध्ययनहरूबाट थाहा भएको छ ।

**गहुँको पातको रस**

गहुँको पातको रस निकै उपयोगी हुन्छ, स्वास्थ्यका लागि । यद्यपी धेरै कमलाई मात्र यसबारे थाहा छ । गहुँको पातको रसले खासगरी दम, गलाको इन्फेक्सन, चिसो, रुँघा, पखला लाग्नबाट बचाउँछ ।

**बेसार**

धेरैले बेसारलाई सामान्य मसालको रुपमा लिन्छन्, जसले सब्जीको रंग र स्वादमा प्रभाव पार्छ । यद्यपी बेसार मसला मात्र होइन, यो उत्तिकै औषधिय गुणले भरिपूर्ण छ । बेसारले शरीरको प्रतिरक्षा प्रणाली बलियो बनाउँछ । शरीरको दुखाई कम गर्न पनि यो उपयोगी हुन्छ । केस, छालाको सौन्दर्य निखार्न समेत बेसारको प्रयोग गर्न सकिन्छ ।

**दालचिनी**

दालचिनी धेरै परिकारको स्वाद बढाउन प्रयोग गरिन्छ । यसको सेवनले स्वाद मात्र बढ्दैन, रोग प्रतिरोधात्मक क्षमता पनि बढाउँछ । यसको सेवनले ब्लड शुगर लेभल नियन्त्रणमा सहयोग पुग्छ । त्यसैले दालचिनीको प्रयोग लाभदायक हुन्छ ।

**लसुन**

लसुन, जो दिनहुँ भान्सामा प्रयोग हुन्छ । यसलाई पकाएर वा काँचो खान सकिन्छ । लसुनमा भिटामिन बि-६, भिटामिन-सि, आइरन र फस्फोरस जस्ता तत्व पाइन्छ । यसमा एन्टि फंगल र एन्टि ब्याक्टेरियल गुण पनि पाइन्छ । लसुनको सेवनले रोग प्रतिरोधात्मक क्षमता बढाउँछ ।

**ड्राइ फुड्स**

नियमित रुपले ड्राई फुड्स सेवन गर्नुपर्छ । काजु, बदाम आदिको सेवनले पनि रोग प्रतिरोधात्मक क्षमता बढाउँछ । ड्राई फुड्समा ओमेगा-३ फ्याटी एसिड, जिंक, म्याग्नेसियम, भिटामिन इ जस्तो तत्व पाइन्छ ।

**भिटामिन सि युक्त खानेकुरा**

कागति, सुन्तला, अमला, किवी जस्ता फल भिटामिन सिको राम्रो स्रोत हुन् । यस्ता फलको सेवनले पनि रोगसँग लड्ने क्षमता बृद्धि गर्छ ।

**मौसमी फल**

प्राकृतिले हाम्रो शरीरको आवश्यक्ता अनुसार फलहरू दिएका छन् । जुन मौसममा, शरीरलाई जस्तो पोषण तत्व आवश्यक हुन्छ । त्यही अनुसार फलहरू प्राप्त हुन्छ । त्यसैले मौसम अनुसार फल सेवन गर्नुपर्छ । फलले शरीरमा रोग प्रतिरोधात्मक क्षमता बढाउन मद्दत गर्छ ।

प्रवलीकरण गरी घर सुरक्षित बनाऔं ।
पुननिर्माण गर्दा प्राविधिकहरूको सल्लाह अनुसार घरको प्रवलीकरण गरी घरलाई कम लागतमा सुरक्षित बनाउन सकिन्छ

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग


# अल्फ्रेड नोबेलको संघर्षपूर्ण जीवनगाथा



विष्णु भट्टराई

डाइनामाइटको युगान्तकारी आविष्कार र उत्पादन गरेर अरबौं रुपैयाँ कमाउने अल्फ्रेड नोबेल उनका व्यापारिक बाबु इम्यान्युएलले आफूलाई दिवालिया घोषित गरिसकेको समयमा जन्मिएका थिए। १२ अक्टोबर १८३३ मा स्वीडेनको स्कटहोममा उनको जन्म भएको थियो। उनकी आमा थिइन् इन्ड्रियट। यिनी आफ्ना आमाबाबुका तेस्रा सुपुत्र थिए।

अल्फ्रेड नोबेलका बुबा भवन निर्माणका ठेकेदार थिए। अल्फ्रेड चार वर्षको हुँदा नै उनका बुबा आर्थिक रुपले धरासयी बन्न पुगे। अब नोबेल परिवार सेन्टपिटर्सवर्ग र रुसतर्फ बसाई सरे। सन् १८४२ मा राइफल तगा जमिन र समुद्रमा प्रयोग गर्न सकिने विस्फोटक सुरुङ उत्पादन गर्ने कारखाना सुरु गरे। अल्फ्रेड एकदम पातलो र कमजोर थिए शारीरिक रुपमा। उनले स्कुल जम्मा एक वर्ष मात्र पढे।






अल्फ्रेडलाई उनकी आमाले घरैमा शिक्षा दिइन्। घरमै शिक्षक राखेर पढाइन्। अल्फ्रेड सानैदेखि शान्त प्रकृति र सौम्य स्वभावका थिए। उनको रुचि विज्ञान र साहित्यतर्फ थियो। उनी साहित्यिक ग्रन्थहरू पढ्ने होइन अध्ययन गर्ने गर्थे। रसायन शास्त्र र यान्त्रिक अभियन्त्रित नोबेलले अध्ययनद्वारा नै सिके। उच्च शिक्षा अध्ययन गर्नुको बदला उनी १७ वर्षको उमेरमा विदेश यात्रामा निस्के। उनले युरोप र अमेरिकाको लामो यात्रा गरेर ज्ञानको फाँटलाई विस्तार गरे र २१ वर्षको उमेरमा सेन्टपिटर्सवर्ग फर्किए।

अल्फ्रेड जब सेन्टपिटर्सवर्ग फर्किए त्यसबेला क्रोमियायुद्ध चलिरहेको थियो। उनका बाबुले त्यतिबेला सरकारबाट हातहतियार र विष्फोटक पदार्थहरू बनाउने ठूलठूला ठेक्काहरू पाइरहेका थिए। अब पैसाको त्यस्तो दुःख थिएन। नाइट्रोग्लिसिरिन सम्बन्धी विभिन्न अध्ययन र प्रयोग गर्न थाले अल्फ्रेड। यसअघि पनि यस्ता प्रयोगहरू यिनले नगरेका होइनन्। प्रयोगकै दौरान यिनले विस्फोटक तोप आविष्कार गरे। यसलाई विस्फोटकको इतिहासमा बारुदपछिको ठूलो आविष्कार मानिन्छ। नाइट्रोग्लिसिरिनको आविष्कार ट्युरितका एक इटालेली वैज्ञानिक सोकेराले सन् १८४६ मा नै गरिसकेका थिए।

सन् १९५६ को पेरिस सन्धिअनुरुप क्रोमिया युद्ध रोकियो। युद्ध रोकिएपछि नोबेल परिवारमाथि स्रकट आइपऱ्यो। इमयान्युएल अब आर्थिक रुपले टाट पल्टिए। खाल हारेको जुवाडेको गति भयो उनको। उनी हरिकंगाल भएर पुनः सन् १९५६ मा स्वीडेन फर्किए। यस घटनाले अल्फ्रेडलाई नराम्ररी घाइते बनायो। संघर्षमा जन्मिएका अल्फ्रेडले हार खान जानेका थिएनन्। उनी निराश बनेनन्। सन् १९६६ मा एउटा ऋण प्रवाह गर्ने संस्थाबाट उनले एक लाख फ्रेङ्क ऋण लिए अनि नाइट्रोग्लिसिरिन उत्पादन गर्ने एउटा सानो कारखाना खोले।







आर्थिक अवस्थामा केही सुधार आयो। तर उनको नियति कम दुःखपूर्ण रहेनछ। सन् १८६४ को सेप्टेम्बरमा भयंकर विस्फोट भयो र सम्पूर्ण कारखाना ध्वस्त हुन पुग्यो। यस दुर्घटनामा उनका कान्छा भाइ एमिल लगायत अन्य कामदारहरू मारिए। यो दुर्घटनाको असर बुबा इमयान्युएलमा यस्तो पऱ्यो कि उनी जीवनभरका लागि ओछ्यान परे। यस दुर्घटनाले अल्फ्रेडको उत्पादन र आविष्कारमाथि प्रश्नचिह्न मात्र खडा गरेन कि जनविश्वास समेत डगमगाउन पुग्यो। अब अल्फ्रेडलाई सबैले अविश्वासको नजरले हेर्न थाले। तर पनि उनले हरेश भने खाएनन्। गुमेको जनविश्वासलाई विस्तारै उनले प्राप्त त गरे तर पुनः कारखाना स्थापना गर्न उनलाई कसैले पनि जमिन दिएन।

अन्त्यमा नोबेलले एउटा ठूलो नाउमा कारखाना स्थापित गरे। विस्फोटकलाई अझ सुरक्षित बनाउने प्रयत्नमा उनी लागे। उत्पादनलाई पनि सुरक्षित गर्नु उत्तिकै दायित्व थियो। विस्फोटकको सुरक्षित उत्पादन एवं आविष्कारतर्फ लाग्दालाग्दै अर्को नयाँ युगान्तकारी आविष्कार भयो डाइनामाइट।

अब अल्फ्रेडको व्यापार र ख्याति अन्तर्राष्ट्रिय स्तरमा जगमगायो। अहो, उनको आयको हिसाब समेत बेहिसाब हुन थाल्यो। अब उनले युरोप र अमेरिकामा कारखाना विस्तार गर्न थाले। दश वर्ष यही कार्यमा खर्चिए। व्यापार तीव्र रुपले अभिवृद्धि भयो। हेर्दाहेर्दै छोटो समयमै नोबेल विश्वका करोडपतिको हैसियतमा दाखिला भए। सन् १८६८ मा 'स्विडिस एकेडेमी अफ साइन्सेज' ले अल्फ्रेड र उनका शयनासन्न बाबु इम्यान्युएललाई संयुक्त रुपमा 'मानवका निमित्त अत्यधिक लाभदायक आविष्कार' गरेर विज्ञानको इतिहासमा नयाँ आयाम थपेबापत स्वर्णपदकद्वारा सम्मानित गऱ्यो।

अथाह सम्पत्तिका मालिक बनिसकेका अल्फ्रेड अत्यन्त दयालु स्वभावका थिए। उनी उदार प्रकृतिका मान्छे थिए। गरिबप्रति उनी केही दिएर सहानुभूति प्रकट गरिहाल्थे। ठूलठूला योजना लिएर आफू कहाँ आउने पुँजीविहीन युवकहरूलाई पनि उनले आर्थिक सहायता गरेर मद्दत गरे। सन् १८७२ मा उनका दाजु रोबर्ट र लुगविगलाई रुसमा तेल क्षेत्र र कारखाना विकास गर्नमा अल्फ्रेडले नै सहायता गरे। तेलवाहक गाडीको आविष्कार त्यसताका नोबेल परिवारले नै गरेको मानिन्छ।

अल्फ्रेड यति परिश्रमी थिए, भनिन्छ काम गर्नकै निमित्त उनी यो संसारमा जन्मिएका थिए। उनी कारखानामा व्यस्त रहन मन पराउँथे। यसको आलावा उनी विश्वप्रसिद्ध प्रगतिशील कवि शेलीको काव्य अत्यन्त मन पराउँथे। उनी कहिल्यै एक क्षण आराम गरेर बस्दैनथे। यहाँसम्म कि उनलाई आफ्नो दाह्री काट्ने समेत फुर्सद हुँदैन थियो। उनी संवेदनशील र भावुक भए तापनि प्रेम प्रसंगमा भने कहिल्यै सफल भएनन्। उनका जीवनमा सुन्दरी नवयौवनाहरू थुप्रै आए तर सबैसँग उनको सम्बन्ध अस्थायी मात्र रह्यो। उनको जीवनमा आएका युवतीहरूलाई उनले कम अगाध माया गरेनन् तर सबैले उनलाई विश्वासघात गरे।

सन् १८५१ म एउटी अत्यन्त रुपसी युवतीसँग उनको सम्बन्ध स्थापित भयो। ती युवती पनि नोबेलप्रति समर्पित थिइन्। उनी नोबेललाई असाध्यै माया गर्थिन्। दुवैको माया प्रगाढ थियो। जीवन निकै आनन्ददायक थियो ती दुवैको। खै कुन्नि ? बढी माया र प्रेम गरेको देखेर ईश्वर पनि इर्ष्यायु बन्छन् कि अचानक श्रीमती नोबेलको मृत्यु भयो। नोबेल खुब रोए छाती पिटीपिटी। र उनको रोदन, क्रन्दन र विलापले अहँ उनकी मायालु सँगिनी फेरि चीर निद्राबाट फर्किनन्। एक्लै भए अब विचरा नोबेल। वियोगको पीडाको सीमाहीन सागरमा डुबे उनी।

वर्षौंपछि काउन्टेस वर्था किन्स्कीसँग अर्को एकपक्षीय माया बस्यो।

विश्व शान्तिसम्बन्धी वर्थाको धारणाबाट नोबेल निकै प्रभावित बनेका थिए। वर्थाप्रति नोबेल यति प्रभावित भएका थिए कि उनलाई आफ्नी प्रेयसीको रुपमा हेर्न थालिसकेका थिए। थुप्रै प्रेमहरूमा गोता खाएका नोबेल आफूलाई सबभन्दा माया गर्ने प्रेमिकाको अचानक मृत्यु भएपछि क्षतविक्षत बनेका थिए। वर्थासँगको भेटपछि उनी विस्तारै सम्हालिँदै आएका थिए। उनको निरीह र एकाङ्की जीवनमा बहार आएझैं भएको थियो वर्थासँगको संगतले। अब उनले वर्थासँग विवाहको बारेमा सोच बनाए। मौका पारेर एक दिन नोबेलले वर्थासँग विवाहको प्रस्ताव राखे। तर वर्थाले आफू कसैको भइसकेको जानकारी गराइन् नोबेललाई।

केही समयपछि वर्थाले आफ्नो प्रेमीसँगको विवाहमा नोबेललाई आउन पो आमन्त्रण गरिन्। नोबेल हतप्रभ बने। उनको जीवनमा फर्किन लागेको वसन्त अचानक उराठ बन्न पुग्यो। उनी फेरि नितान्त एक्लो बने। निराश जीवनलाई बोकेर कताकता वर्थाको सम्झनामा हरहमेशा हराउन थाले। गहिरो शोक सागरमा चुर्लुम्म डुबे नोबल।

**प्रेमको नाममा ब्ल्याकमेल**

सन् १८२७ मा अष्ट्रियाको एउटा फूल पसलमा फूल जस्तै सुन्दरी एउटी नवयौवनालाई भेटे। जीवनदेखि हारेर लगभग भाग्न थालेका अल्फ्रेडको मनमा एकाएक पुनः बाँच्ने जिजीविषा अंकुरायो। प्रकृतिकी अनुपम उपहारझैं लाग्ने ती सुन्दर युवती थिइन् सोफी। सोफीको सुन्दरतामा लठ्ठिए घाइते प्रेमी नोबेल। अल्फ्रेड नोबेलको मनोदशा बुझेकी सोफीले आफ्नो प्रेमजालमा सजिलै फसाइन् युगान्तकारी डाइनामाइटका आविष्कारक नोबेललाई।

सोफी र अल्फ्रेडबीच मन परापर भएपछि सोफी पेरिस आएर अल्फ्रेडसँगै बस्न थालिन्। यसबेलासम्ममा अल्फ्रेडको आर्थिक हैसियत अरबपतिको पुगिसकेको थियो, सुन्दरी सोफीले अल्फ्रेडसँगसँगै बाँच्ने, सँगै मर्ने कसम खाएकी त थिइन् तर त्यो सफेद झूट रहेछ। निकै समयसम्म अल्फ्रेडले त्यो कुरा पत्तै पाएनन्। वास्तवमा अल्फ्रेडले सोफीमाथि शंका गर्नुपर्ने कुनै आधारस्तम्भ नै तयार भएन।

सोफीले अल्फ्रेडले मेहनतपूर्वक कमाएको धन बेस्सरी उडाइन्। सोफीको चरित्र पनि ठिक थिएन। उनी तन्देरी फेर्न माहिर थिइन्। सोफीले गरेको फजुल खर्चलाई नोबेलले रोक्न सकेनन्। सोफीको सुन्दर अनुहार देख्नासाथ अल्फ्रेड भुतुक्क हुन्थे। सोफीको बिग्रँदो चालचलनप्रति अल्फ्रेडको ध्यान जान सकेन। अल्फ्रेडलाई भेट्नासाथ सोफी आफ्नो बाहुपासमा कस्थिन् र आफ्ना काला कर्तुतहरूलाई ढाकछोप गर्न सफल हुन्थिन्। सिधा, भद्र र विद्वान् अल्फ्रेडले आफ्नो ज्यानभन्दा पनि बढी माया गरिरहे विश्वासघाती सोफीलाई। अल्फ्रेडको एकोहोरो मायाबाट प्रशस्त धनार्जन गर्न सफल भइन् चँडाल्नी सोफी।

सोफीका निमित्त अल्फ्रेडसँगको प्रेम केवल एक साधन मात्र थियो। अल्फ्रेडको ठूलो धनराशिसँग सोफी मुग्ध भएकी थिइन् न कि महान् आविष्कारक अल्फ्रेडसँग। सोफीले भरमाचुर उठाइन अल्फ्रेडको सम्पत्ति। सम्पत्तिकै तुजुकमा उनले थुप्रै परपुरुषसँग सम्बन्ध समेत स्थापित गरिन्। कतिसम्म भने सोफीले अर्कै पुरुषको गर्भधारण गरिन् अल्फ्रेडसँग बस्दाबस्दै पनि। आखिर सोफीले अल्फ्रेडलाई त्यागिदिइन्। अब फेरि अल्फ्रेडको एकांकी जीवन आरम्भ भयो। आईमाईको अर्को रुप देखे अल्फ्रेडले। अब अल्फ्रेडलाई आईमाई जति देख्दा पनि घृणा लाग्न थाल्यो। विस्तारै सम्हालिए उनी। उनले फेरि जीवन संगिनीको बारेमा कहिल्यै सोचेनन्। प्रेयसीको न्यानो माया कहिल्यै खोजेनन्। आफ्नै प्रयोगशाला, कारखानामा रमाउन थाले उनी। उनलाई प्रेमबारे सोच्ने फुर्सद पनि कहिल्यै भएन।

सोफी यतिसम्म धूर्त आईमाई थिइन् कि अल्फ्रेडको मृत्युपछि पनि उनले अल्फ्रेडको सम्पत्तिमाथि दाब गर्न पछि हटिनन्। उनलाई थाहा थियो अल्फ्रेडको सम्पत्तिको आफू हकदार हुन सक्छु भन्ने कुरा। जब अल्फ्रेडले आफ्नो भौतिक देहत्याग गरे, सोफी प्रकट भइन्। उनले आफू अल्फ्रेडको प्रेमिका भएको रहस्य खोलिन्। अल्फ्रेडको सम्पत्तिमाथि आफ्नो हक भएको निर्धक्क बनाइन्। सम्पूर्ण सम्पत्ति नभए पनि सम्पत्तिका आधा हिस्सा आफ्नो हुनुपर्ने दलिल पेश गरिन्। प्रमाणका निमित्त सोफीले अल्फ्रेडले लेखेका २१६ वटा प्रेमपत्रहरू 'नोबेल फाउन्डेसनका अधिकृतहरूकहाँ पछ्यारिन् र उनले धम्क्याइन् 'यदि अल्फ्रेडको सम्पत्तिको हिस्सा मैले नपाए यी प्रेमपत्रहरू प्रकाशित गरिदिनेछु।' सोफीको यो ठूलो ब्ल्याकमेल थियो। अल्फ्रेडले आफ्नो सम्पूर्ण सम्पत्ति नोबेल फाउन्डेसनका नाममा राखिदिए। यही सम्पत्तिबाट विश्वविख्यात नोबेल पुरस्कारको घोषणा गरिएको हो। विज्ञानका विविध विधा, शान्ति र साहित्यमा हरेक वर्ष योगदान पुऱ्याउने व्यक्तिहरूलाई सम्मान गर्ने उद्देश्यले यो पुरस्कारको स्थापना भएको हो। नोबेल फाउन्डेसनले हरेक वर्ष पुरस्कृत हुने व्यक्तिको नाम घोषणा गर्छ र यो पुरस्कार नर्वेको ओस्लोमा आयोजना गरिन्छ जहाँ नर्वेका राजाले नोबेल पुरस्कार वितरण गर्छन्। ओस्लोमा नोबेल पुरस्कार वितरणका लागि भव्य महल बनाइएको छ जसमा पुरस्कार पाउने व्यक्ति, विशिष्ट अतिथिहरू र पत्रकारहरूका लागि विशेष व्यवस्था गरिएको छ। पुरस्कार वितरण गरिने हल विभिन्न कलाकृतिले यसरी सजाइएको छ कि मानिस देखेरै मन्त्रमुग्ध हुन्छन्।

नोबेल फाउन्डेसनका अधिकारीहरूले विश्वविख्यात एक महान् पुरुषको जीवनमा स्त्रीकलंक लाग्न नदिने निर्णय गरे। ठूलो मूल्य चुकाएर अल्फ्रेडले सोफीलाई लेखेका प्रेमपत्रहरू खरिद गर्न बाध्य भयो नोबेल फाउन्डेसन। भनिन्छ सोफीले यसरी ब्ल्याकमेल गरेर अल्फ्रेडको सम्पत्तिको ठूलो हिस्सा नछिनेकी भए नोबेल पुरस्कारको धनराशि अझै बढी हुन्थ्यो। सोफीले मोटो रकम लगेर पनि नोबेल पुरस्कार विश्वकै ठूलो पुरस्कारको रुपमा स्थापित भएको छ। जसले एकपटक नोबेल पुरस्कार पायो ऊ विश्वविख्यात बन्ने गरेको छ। इज्जत र धन दुवैको पर्याय बनेको छ नोबेल पुरस्कार।

**रद्दीको टोकरीमा फ्याँकिएको जीवन**

अल्फ्रेड सानैदेखि शारीरिक रुपले एकदमै कमजोर थिए। शारीरिक अस्वस्थताको कारण उनको पढाइले पनि तीव्रता लिन सकेन। मेहनतपूर्वक सम्पत्ति त आर्जन गरे तर जीवनमा उनले सधैं घात प्रतिघात मात्र व्यहोर्नुपऱ्यो। उनको सादा जीवनमा क्षणिक वहार मात्र आयो। सिंगै जीवन निराश र एक्लो बिताए अल्फ्रेडले। वास्तवमै उनी विवाहित पुरुष हुन सकेनन्। जीवनमा जे जति युवतीहरू आए सबै प्रेयसीकै रुपमा आए। अर्धांगिनीको सौभाग्य उनलाई कहिल्यै जुरेन।

आफ्नो कमजोर स्वास्थ्यसँग दुःखी भए पनि समस्यासँग डटेर लड्ने खुबी भने थियो अल्फ्रेडमा। जीवनको उत्तरार्द्धमा नाम र दाम कमाए पनि विगतको संघात, अभाव र गरिबीको पीडाले सदा घोचिरहन्थ्यो उनलाई। जब अतीततर्फ फर्कन्थे जीवन एकदम निरर्थक ठान्थे उनी। त्यसैले त एकपटक अल्फ्रेडले आफ्नो भाउजूसँग भनेका थिए- 'दिशासूचक यन्त्र नभएको ध्वस्त बनाउने डुंगा जस्तो जिन्दगीमा चढेर विगतका दुःखद स्मृतिमा हराएको म कुनै रद्दी कागजको टोकरीमा फ्याँक्न लायक जिन्दगीको चित्र हुँ।'

आफ्नो परिवार बसाउने उनको सपना कहिल्यै पूरा भएन। जीवनमा धोकैधोका खाएका अल्फ्रेडको उमेर ढल्कँदै जान थाल्यो। उनी माइग्रेन र मेस्कुलर क्र्याम्पको सिकार बने। सन् १८९५ मा उनले आफ्नो एउटा इच्छापत्र लेखे। सो इच्छापत्र स्कटहोमको एउटा बैंकमा आफैंले राखे। सन् १८९६, ७ नोभेम्बरमा उनी सन्रोमो सहर इटालीमा थिए। उनलाई अचानक मस्तिष्कमा पीडा भयो। तुरुन्त उनका भतिजाहरूलाई उनी बिरामी भएको तार पठाइयो। बिरामी परेको अन्तिम अवस्थामा उनको स्याहार गर्ने उनका नोकरबाहेक उनीसँग अरु कुनै आफन्त थिएनन्। मृत्युसँग सर्वथा एक्लै संघर्ष गरिरहे तीन दिनसम्म अल्फ्रेडले। दस डिसेम्बरको बिहानीले विश्वलाई नै विह्वल बनाइदियो। अल्फ्रेड यो धर्तीबाट सदाका निमित्त महाप्रस्थान गरे। त्यतिखेरको समय घडीको घण्टा काँटा बिहानीको दुई बजेमा पुगेको थियो। अल्फ्रेड चिर निद्रामा फेरि कहिल्यै नब्युँझिने गरी डुबे।

उनको पार्थिव शरीरलाई स्वदेश स्वीडेन ल्याइयो। ठूलो सम्मानका साथ आफ्नो पारिवारिक कबरस्थान स्कटहोम नर्थ सिमेट्रीमा उनको शवलाई समाधिस्थ गरियो। युगान्तकारी डाइनामाइटका महान् आविष्कार अल्फ्रेडको अचानक मृत्युले विशवलाई स्तब्ध बनायो। प्रेम वियोगको आलो घाउ छातीभित्र लुकाएर धर्तीका मानिसहरूको जीवनमा नै भयंकर परिवर्तन ल्याउन सफल वैज्ञानिक अल्फ्रेड नोबेलको जीवनी दुःखले निराशातर्फ उन्मुख भई जीवनदेखि भाग्नेहरूका लागि संघर्षसाथ ज्यूँन ठूलो प्रेरणा दिइरहनेछ। जीवन प्रकृतिको सर्वोत्तम उपहार हो। यसलाई व्यर्थमा खेर फाल्नु हुन्न भन्ने सन्देशका बाहक हुन् अल्फ्रेड।

*(एजेन्सीको सहयोगमा)*

प्रेरक

## लेनिन र अधिकार

रुसमा भर्खरै समाजवादी क्रान्ति सम्पन्न भएको थियो । भ्लादिमिर लेनिनको नेतृत्वमा सम्पन्न बोल्सेभिक क्रान्तिले रुसको अधिनायकवादी जार शाहीलाई इतिहासको पानामा सीमित गराएको थियो । बोल्सेविक पार्टीका सर्वोच्च नेता लेनिाको चर्चा विश्वस्तरमा भइरहेको थियो । रुसी जनताल(ाई दासताको साङलोबाट मुक्त गरएर लेनिन रुसीहरुका गडफादर बनेका थिए । रुसी शासन समाजवादी शासन व्यवस्थाका मुख्य सञ्चालक बने लेनिन ।

यति ठूला नेता र रुसी जनताका भाग्यविधाता भएर पनि लेनिनमा कुनै परिवर्तन आएन । उनी पुरानो पेन्ट कोर्ट र टाइमा बिहान बेलुका मस्कोका सडकमा घुम्न निस्किन्थे । उनलाई हेर्न मानिसहरुको भीड लाग्ने गर्थ्यो । लेनिन केटाकेटी, वृद्धवृद्धा सबैसँग नम्र भएर बोल्थे । उनले आफ्नो दारी पनि 'स्टाइलिस' बनाएका थिए । एकपटक लेनिनले आफूलाई ऐनामा हेरे- दारी निकै लामा भइसकेका रहेछन् । दारी काट्न उनी एक बिहान टहलिँदै अलि टाढा हजामकोमा गए । हजामलाई भ्याइ नभ्याइ थियो । पसलमा दारी कपाल काट्नेहरुको लाम नै लागेको रहेछ । हजामले छिटो आएको आधारमा पालैपालो केस दारी काट्दै थिए । लेनिनलाई देख्नासाथ केस काट्न कुर्सीमा बसेका एक व्यक्तिले कुर्सीबाट उत्रिँदै आग्रह गरे, हजुर तपाई पहिला दारी कटाउनोस् ।

हजामले पनि लेनिनलाई चिनिहा(ल्यो । उसले पनि लेनिनकै दारी अरुको भन्दा पहिले काट्ने तयारी गर्‍यो । आफूलाई दारी काट्नका लागि पालो छोडिदिनै त्यो व्यक्ति र हजाम दुवैलाई लेनिनले भने- कसैले पनि कसैमाथि अन्याय गर्नु हुँदैन । कोही ठूलो र सानो छैन अब रुपमा । म र तपाईंहरु बराबर नै हौं । तपाईंको दारी काट्ने पालो मिचेर म अन्याय गर्न चाहन्न । ठाकुरले पनि भेदभाद गरेर लाइनल(ाई बिथोल्नु हुँदैन । यस्तो परिपाटीले अराजकताको सिर्जना गर्छ । आफ्नो पालोमा कपाल कटाउने तपाईंको अधिकार हो । तपाईंको यो अधिकारको हनन मैले गर्न हुँदैन । आफ्नो अधिकार छोड्नु पनि हुँदैन र अरुको अधिकार खोस्नु पनि हुँदैन ।

# साप्ताहिक राशिफल

ज्यो. लक्ष्मीप्रसाद बराल

### मेष

पहिलेको सफलताले हौसला जगाउनेछ भने पछिका लागि विशेष काममा जग बसाउने मौका छ । विभिन्न अवसर प्राप्त हुनेछन् र मनग्गे फाइदा उठाउन सकिनेछ । परिश्रम परे पनि लक्ष्य प्राप्त हुनेछ । शत्रु र रोगबाट भने सजग रहनुपर्ला । विवाद तथा मुद्दाहरूमा आफ्नो पक्ष बलियो रहनेछ । प्रतिस्पर्धीहरूलाई पछि पार्न सकिनेछ । लामो यात्राको प्रक्रिया अघि बढ्नेछ ।

### वृष

अवसरले पछ्याए पनि कर्मगतिले पछि पार्न सक्छ । व्यवसायमा सोचेको फाइदा नउठ्न सक्छ । तापनि मेहनतले प्रतिष्ठित काम गर्न सकिनेछ । अध्ययनको लगावले बौद्धिक क्षेत्र फराकिलो बन्नेछ । व्यापारमा धेरै फाइदा नभए पनि लाभांश अवश्यै प्राप्त हुनेछ । सन्तान वा अनुयायीको साथले पनि हिम्मत जगाउनेछ । शुभचिन्तकहरूको सहयोग जुट्नाले काम सम्पादन हुनेछ ।

### मिथुन

बलजफ्तीले परिस्थिति बिग्रन सक्छ । बेसुरमा दिइएको वचनले समस्या निम्त्याउन सक्छ । शुभचिन्तकहरूलाई बेवास्ता गर्नाले पछि दुःख पाइनेछ । बन्धु-बान्धवबीच आत्मीयतामा कमी आउन सक्छ । स्थायी सम्पत्तिमा विवाद आउने सम्भावना देखिएकाले सजग रहनुहोला । आमाको स्वास्थ्य कमजोर बन्नाले त्यसप्रति चिन्ता बढ्न सक्छ । काममा आफ्नैबाट धोका हुन सक्छ ।

### कर्कट

सहयोगीहरूले राम्रो साथ दिनाले चिताएका काम सम्पादन हुनेछन् । पुरुषार्थद्वारा उद्योग र व्यापारमा विशेष फाइदा उठाउन सकिनेछ । गरिएका कर्मको छोटो समयमै उचित प्रतिफल पाइनेछ । विशेष उपहार हातलागी होला । कृषिमा कामको चाप र चौपायामा केही समस्या देखिए पनि धन आर्जन प्रशस्तै हुनेछ । शत्रु र प्रतिस्पर्धीलाई पछि पार्न सफल भइनेछ ।

### सिंह

बलजफ्ती गर्ने बानीले पहिलेकै काम दोहोर्‍याउनुपर्ने हुन सक्छ । बोलीको गलत अर्थ लाग्नाले वादविवादमा परिने सम्भावना छ । स्थायी सम्पत्तिमा पनि केही विवाद आउन सक्छ । मिहिनेत गरीकन चिताएको मूल्य प्राप्त नहुने देखिन्छ । अध्ययनमा त्यति समय दिन नसकिएला । ईर्ष्या गर्नेहरूले बिनाकारण सताउन सक्छन् । महत्त्वाकांक्षी योजना गोप्य राखेर अघि बढ्नुहोला ।

### कन्या

अवसर प्राप्त भए पनि नियमित काममै अलमलिनाले पछि परिनेछ । पहिलेको योजना अनिश्चित बन्नेछ भने नयाँ काममा अन्योल बढ्न सक्छ । आफ्नो सूचना बाहिरिने सम्भावना भएकाले गोपनीयतामा ध्यान पुर्‍याउनुहोला । आगन्तुकले व्यर्थैमा अलमल्याउन सक्छन् । रमाइलो जमघट एवं भोजभतेरको अवसर प्राप्त भए पनि स्वास्थ्यका लागि खानपानमा सचेत रहनुपर्ला ।

### तुला

फजुल खर्च बढ्नुका साथै अर्थ अभावले सताउन सक्छ । बनिसकेको काम दोहोर्‍याउनुपर्ने हुन सक्छ । अवसरको खोजीमा निकै दौडधुप गर्नुपर्ला । आफ्नाबाटै टाढिनुपर्ने परिस्थिति आउन सक्छ । खर्च गरेर पनि त्यति फाइदा उठाउन नसकिएला । आफूलाई समस्या पर्दा साथीभाइले समेत वास्ता गर्न छाड्नेछन् । प्रयत्न गर्दा पछि यात्रा गर्ने प्रक्रिया भने अघि बढ्न सक्छ ।

### वृश्चिक

मिहिनेत गर्दा राम्रो परिणाम प्राप्त हुनेछ । तारिफयोग्य काम सम्पादन गर्दै मनग्गे धन आर्जन गर्न सकिनेछ । आँटले काम सम्पादन हुनेछ । प्रतीक्षित नतिजाले उत्साह जगाउनेछ । थोरै लगानीबाट पनि नाफा उठाउन सकिनेछ । विभिन्न भौतिक साधन जुट्नेछन् भने दिगो फाइदा हुने काम प्रारम्भ गर्ने समय छ । अप्ठ्यारा परिस्थितिलाई समेत सहज बनाउन सकिनेछ ।

### धनु

मिहिनेतले विशेष जिम्मेवारी दिलाउनेछ । प्रयत्न गर्दा सजिलै लक्ष्यमा पुग्न सकिनेछ । प्रतीक्षा गरिएको काम बन्नेछ भने आफ्नो क्षेत्रमा राम्रै प्रभाव जमाउन सकिनेछ । दाम, इनाम र प्रतिष्ठा कमाउने बेला छ । कीर्तिमानी काम सम्पादन गर्ने समय छ । साथीभाइको सहयोगले हिम्मत दिलाउनेछ । सामाजिक दायित्व बढ्नेछ । प्रतीक्षित नतिजाले उत्साह जगाउनेछ ।

### मकर

चिताएको काममा केही बाधा हुन सक्छ । आश्वासन बाँड्नेहरूले झुक्याउनेछन् भने पहिलेका सहयोगीहरू पछि हट्न सक्छन् । मिहिनेत गर्दा विगतका कमजोरी सच्याउँदै नयाँ अवसर जुटाउन सफल भइनेछ । आध्यात्मिक ज्ञानले डर तथा दुर्भावनाका तरंगहरू समाप्त हुनेछन् । गरी आएको कामलाई निरन्तरता दिन सकिनेछ । तर नयाँ काम गर्न समय पर्खनुहोला ।

### कुम्भ

स्वास्थ्य कमजोर रहनाले सोचेको उपलब्धि प्राप्त नहोला । काम बिग्रने भयले सताउन सक्छ । न्यून उपलब्धिमै चित्त बुझाउनुपर्ला । आम्दानी र खर्चको सन्तुलन मिलाउन नसक्दा अर्थअभावले सताउनेछ । चोटपटकको योग देखिएकाले अलि सजग रहनुपर्ला । अवसरलाई पछ्याउन नसक्दा पछि परिनेछ । बुद्धिको उपयोगले प्रतिष्ठा जोगाउन सफल भइनेछ ।

### मीन

परिस्थिति अनुकूल रहनेछ भने लगनशीलताले लक्ष्यमा पुर्‍याउनेछ । छोटो समयमा फाइदा उठाउन सकिनेछ । सुन्दर पहिरनले व्यक्तित्वमा निखारता आउनेछ । विशेष उपहार प्राप्त हुन सक्छ । परिवारजनको साथले उत्साह जगाउनेछ । मित्रता र प्रेमको बन्धन कसिनेछ भने अतिथिको रूपमा सत्कार प्राप्त हुने समय छ । व्यापारको बहानामा रमाइलो यात्रा हुन सक्छ । स्वास्थ्यको ख्याल गर्नुपर्ने भएको छ ।

# समाचार संक्षेप

## दुर्घटनामा परी ५ जनाको मृत्यु

काठमाडौं । बैतडी, मोरङ, महोत्तरी, चितवन र सुर्खेतका छुट्टाछुट्टै स्थानमा भएका सवारी दुर्घटनामा परी ५ जनाको मृत्यु भएको छ ।

बैतडी मेलौली नगरपालिका-३ ठुलोखोलामा बा.२ क २०६ नम्बरको स्काईभेटरले क्रसरको मेसिन अनलोड गर्ने क्रममा स्काईभेटर सडकमा पल्टिनगई स्काईभेटर चालक कैलाली निगाली(७ बस्ने २५ वर्षीय हेमन्त धामीको शनिबार दिउँसो घट्नास्थलमै मृत्यु भएको छ ।

मोरङ उर्लावारी नगरपालिका-४ आईतबारेस्थित सडकमा मोटरसाइकललाई ठक्कर दिँदा मोटरसाइकल चालक झापा दमक नगरपालिका-४ बस्ने ३२ वर्षीय प्रदिप कार्कीको शनिबार साँझ मृत्यु भएको छ । महोत्तरी बलवा नगरपालिका-११ स्थित रौजा बस्ने २९ वर्षीया भुल्ली खातुनको नम्बर नखुलेको मोटरसाइकलबाट लडेर शनिबार दिउँसो मृत्यु भएको छ । चितवन खैरहनी नगरपाला-१ बहेरा चोकमा मोटरसाइकल दुर्घटना हुँदा ५५ वर्षीय प्रेम कुमार चौधरीको शनिबार मृत्यु भएको भएको छ । सुर्खेत बीरेन्द्रनगर नगरपालिका-१२ पिपिरा बस्ने गफार बक्सको टिपरले ठक्कर दिँदा मृत्यु भएको छ ।

## मृत अवस्थामा फेला

काठमाडौं । नुवाकोट, ककनी गाउँपालिका(५ थानसिङ बस्ने ४५ वर्षीय श्याम तामाङ घरदेखि करिब ४ किमि टाढा बाटोमा शनिबार साँझ मृत अवस्थामा फेला परेका छन् । पुस १५ गते काठमाडौं जान भनेर हिँडेका उनी शनिबार घर फर्कने क्रममा मृत फेला परेका हुन् । दाङ, तुलसीपुर उपमहानगरपालिका(३ गहतेस्थित ढकाल सिंचाई कुलोको छेउमा सोही ठाउँ घर्तीगाँउ बस्ने ४५ वर्षीय बम बहादुर घर्ती शनिबार दिउँसो मृत अवस्थामा फेला परेका छन् ।

## सवारी दुर्घटनामा मृत्यु

काठमाडौं । पाल्पा, रिप्दीकोट गाउँपालिका-३ लप्सीको रुखस्थित सडकमा लु.२ ख २१७१ नम्बरको टिपर आफै अनियन्त्रित भई सडकबाट करिब १ सय ५० मिटर तल खसेर आइतबार दिउँसो दुर्घटना हुँदा टिपर चालक रैनादेबी छहरा गाउँपालिका-५ मुझुङ बस्ने ४० वर्षीय रामु कार्कीको घटनास्थलमै मृत्यु भएको छ ।

## मृत अवस्थामा फेला

काठमाडौं । नवलपरासी (पूर्व), बिनयी त्रिबेणी गाउँपालिका-६ स्थित चौरको झाडीमा हाल नाम, थर, वतन नखुलेका करिब ५० वर्षीय पुरुष आइतबार मृत अवस्थामा फेला परेका छन् । कास्की, पोखरा महानगरपालिका-१३ काहु खोलास्थित चौतारोमा मादी गाउँपालिका-१ सिप्ली घर भएका ७० वर्षीय राज कुमार क्षेत्री आइतबार मृत अवस्थामा फेला परेका छन् ।

## डुबेर मृत्यु

काठमाडौं । बाँके, कोहलपुर नगरपालिका-१० एकतानगर बस्ने ६१ वर्षीया लक्ष्मी ढकालको आफ्नै घर नजिक शौचालय सफा गरी फालेको खाडलमा डुबेर आइतबार साँझ मृत्यु भएको छ । डुबेर अशक्त फेला परेकी उनको मेडिकल कलेज कोहलपुरमा उपचारको क्रममा मृत्यु भएको हो ।

## सवारी दुर्घटनामा परी मृत्यु

काठमाडौं । काठमाडौं महानगरपालिका-१५ हलचोक स्थित सडकमा हाल नम्बर नखुलेको सवारी साधनको ठक्करबाट पैदलयात्री बिदुर भण्डारीको सोमबार बिहान मृत्यु भएको छ ।

## मृत अवस्थामा फेला

काठमाडौं । इलाम, रोङ गाउँपालिका-३ तिनकुटीडाँडा हाँसपोखरी ढलुवा पाखामा हाल नाम, थर, वतन नखुलेका करिब ६० वर्षीय पुरुष आइतबार मृत अवस्थामा फेला परेका छन् ।

## दुर्घटनामा परी ७ जनाको मृत्यु

काठमाडौं । सप्तरी, झापा, सर्लाही, नवलपरासी (पूर्व) र मोरङमा भएका छुट्टछुट्टै सवारी दुर्घटनामा परी ७ जनाको मृत्यु भएको छ ।

सप्तरी रुपनी गाउँपालिका-६ बीरेन्द्रबजारमा ट्रकले ठक्कर दिँदा पैदलयात्री बिष्णुपुर गाउँपालिका १ बाजितपुर बस्ने ३५ वर्षीय रामकुमार खत्वे मण्डलको सोमबार साँझ मृत्यु भएको छ । झापा कन्काई नगरपालिका-५ स्थित सडकमा टिपरले मोटरसाइकललाई ठक्कर दिँदा मोटरसाइकल चालक झापा गाउँपालिका ३ शिमलबारी बस्ने १९ वर्षीय सागर लिम्बुको सोमबार घट्नास्थलमै मृत्यु भएको छ । सर्लाही बरहथवा नगरपालिका-९ पैतालिस बिगास्थित सडकमा मोटरसाइकलले ठक्कर दिँदा ज्ञानबहादुर तामाङको सोमबार दिउँसो मृत्यु भएको छ । नवलपरासी (पूर्व)कावासोती नगरपालिका-११ पिठौलीस्थित सडकमा मोटरसाइकल दुर्घटना हुँदा चालक दिलबहादुर बरामको मृत्यु भएको छ ।

मोरङ रतुवामाई नगरपालिका-६ कादुपाडाचोकमा ट्याक्टर र मोटरसाइकल एकआपसमा ठक्कर खाई दुर्घटना हुँदा चालक ज्ञानु भुसालको मृत्यु भएको छ ।

# अंग्रेजी शब्दावलीको ज्ञान बढाऔं

Stigma = लज्जाजनक अनूभूति There is less stigma attached to corruption now than there used to be (पहिले भ्रष्टाचार भन्दा जति लज्जाजनक मानिन्थ्यो आजकाल मानिदैन )

Tureen = सुप, झोल खाने गहिरो कचौरा Chinese people serve soup in porcelain tureen (चिनियाहरूले चिनिया माटोले वनेको गहिरो कचौरामा सूप दिन्छन )

Unsullied = वेदाग Even after resigning from the post, he was happy because his fame was unsullied (जागिरबाट राजिनामा गरिसकेपछि पनि उस्को प्रख्यातीमा कुनै दाग लागेन)

Vortex= भूवरी Drawn into the vortex of politics, he does not know the charm of life (राजनीतिको भूवरीमा परेको कारण, ऊ पारिवारिक जीवनको मिठासबाट अनभिज्ञ छ )

Warble= चीरवीर गर्नु Every morning the birds warble outside my window(हरेक विहान चराहरू मेरो झ्याल वाहिर चिरविर गर्छन् ।

Anomolous= आसिंकरुपमा He is in an anomolus position as only part time worker of thie firm ऊ यस फर्ममा आंशिकरुपमा काम गर्ने कर्मचारी हो ।

Brusque = खस्रो He thought that we were offended by his brusque reply (उसको खस्रो जवाफले हाम्रो अनादर गर्‍यो भन्ने उस्ले ठान्यो)

Confound = छक्याउनु All his tricks failed to confound us (हामीलाई छक्याउने उसका सबै दाउहरू असफल भए )

Discrepancies = असान्दर्भिक, अमिल्दो, एक अर्कासंग वाझ्ने There are many discrepancies among the versions given about palace massacre from different quarters (दरवार हत्याकाण्ड वारे धेरै कोणबाट नमिल्दा भनाइहरू आएका छन् )

Exculpate = दोषमुक्त गर्नु When the real culprit confessed she was exculpated of the crime (सांचो अपराधीले अपराध स्वीकार गरेपछि तिनी दोष मुक्त भइन )

# Let बाट के के कुरा भन्न सकिन्छ थाहा पाइ राख्नुहोस

Let = दिनु Do not let your child play with matches, it is risky (तिम्रो वच्चालाई सलाइ चलाउन नदेउ यो खतरापूर्ण हुन्छ )

Let = अनुमति दिनु I don't let them into my house (म तिनीहरूलाई मेरो घरमा आउने अनुमति दिन्न )

Let = औं Let's go to movie सिनेमा हेर्न जाऔ । Let's eat Banana केरा खाऔं ।

Let = ओस Let there be no mistake while doing this work यो काम गर्दा कतै गल्ती नहोस ! Let peace prevail everywhere जहासुकै शान्ती छाइरहोस ।

Let out = भाडामा दिनु I let out my spare rooms for Rs. 5000 म मेरा वाकी कोठाहरू रु ५००० मा भाडामा दिन्छु ।

Let somebody go = मुक्त गरिदिनु Police let the hostage go after two hours प्रहरीले वन्दी वनाइएकाहरूलाई २ घण्टा पछि मुक्त गरिदियो ।

Let somebody be = डिस्टर्व नगर्नु Le him be, he wants a rest -उस्लाइ डिस्टर्व नगर आराम गर्न देउ )

Le it go = छोड दिनु I do not agree with all what you say but still I let it go तिमीहरूले भनेको कुरामा म सहमत छैन तैपनि तिमीहरूलाई भन्न छोडिदिन्छु, रोक्दिन ।

Let somebody have = छ्यापनु Here is the water, when he comes into the kitchen let him have it पानी यहा छ, उ भान्छा पस्ने वित्तिकै उस्लाइ यो छ्याप्दिनु ।

### सुडोकु-अंक २०८

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | ८ | | ९ | ६ | ३ | | ४ | |
| ३ | | | | | | | | ९ |
| | | | ७ | ८ | ४ | | | |
| | | ६ | | ५ | | १ | | |
| ५ | | | | | | | | ८ |
| | | ८ | | ७ | | ९ | | |
| | | | ३ | १ | ७ | | | |
| ४ | | | | | | | | २ |
| | ७ | | ६ | ४ | २ | | ३ | |

### अंक २०७ को नतिजा

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ५ | ७ | ३ | ६ | ९ | ४ | १ | २ | ८ |
| २ | ४ | १ | ५ | ७ | ८ | ६ | ३ | ९ |
| ९ | ८ | ६ | २ | १ | ३ | ७ | ५ | ४ |
| ८ | ९ | २ | ७ | ५ | १ | ३ | ४ | ६ |
| ४ | ६ | ५ | ३ | २ | ९ | ८ | ७ | १ |
| ३ | १ | ७ | ४ | ८ | ६ | ५ | ९ | २ |
| ७ | २ | ९ | ८ | ६ | ५ | ४ | १ | ३ |
| ६ | ५ | ४ | १ | ३ | २ | ९ | ८ | ७ |
| १ | ३ | ८ | ९ | ४ | ७ | २ | ६ | ५ |

## कोभिड १९ र बन्दाबन्दीका कारण बढ्दो आत्महत्या न्यूनीकरणका लागि निम्नानुसार गरौं

- आर्थिक असमानता, सामाजिक एवं सांस्कृतिक देखावटीपन, नकारात्मक अभ्यास एवं चलायमान, मनोवृत्तिलाई कडाईका साथ निरुत्साहित गरौं ।
- आदर्शपूर्ण नैतिक शिक्षा तथा उच्च परिवारिक मूल्य मान्यता, दया, आदर र आत्मसम्मानको भाव प्रदान गर्ने प्रकृतिको चेतना अभिबृद्धि गरौं ।
- उच्चाभिलाषी हुने ज्ञानभन्दा जीवनमा आइपर्ने हरेक विषम परिस्थितिको सामना गर्न सक्ने खुवी र मानसिकताको विकास गरौं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# Ties between the Supreme Commander and War Veterans



Quite moving was the image of Supreme Commander Kim Jong Un, when he said, "Esteemed comrade war veterans," making a bow to the participants at the Sixth National Conference of War Veterans, held in Pyongyang in July. He said that the war veterans, who had brought about the victory of Korea in the Korean war (1950-1953), were our precious teachers and a priceless treasure of our revolution, confirming that the Workers' Party of Korea would look after them with all sincerity and would take full responsibility for their health and living conditions. His speech exerted a strong influence on the international community. They could realize his ennobling moral obligation of regarding the war veterans as revolutionary forerunners and handing down their exploits to posterity.

There are many examples that demonstrate his ennobling moral obligation to war veterans, including the newly-built Fatherland Liberation War Martyrs Cemetery in Pyongyang.


Saying that the owner of the tombs of the fallen soldiers of the Korean People's Army is the Workers' Party of Korea, he ensured that cemeteries of the fallen soldiers of the KPA were built in a splendid manner in Pyongyang and provinces. The VictoriousFatherlandLiberationWarMuseum, which was built on the picturesque PothongRiver in Pyongyang as a grand open-air museum, shows his will to hand down the exploits of the generation of victors. Kim Jong Un takes meticulous care for the health and living conditions of war veterans. He ensured that all participants in the above-mentioned national conference of war veterans enjoyed themselves at the Yangdok Hot Spring Resort.

He has set it forth as part of the national traits to ensure that younger generations learn from the spirit of defending the country, cherished by war veterans and the climate of according preferential treatment to them is established throughout society. It is his creed that we cannot conceive of the DPRK today without recalling the sweat and blood shed by the generation who won the war, the great spirit they demonstrated, and the warriors' noble sacrifice. He requested the war veterans to lead a long life in good health, serving as our eternal source of strength and our spiritual mainstay.

War veterans in the DPRK respect Kim Jong Un as thesaviour of their destiny. Once they meet him, they run to his embrace with tears in their eyes.

Such impressive ties between the Supreme Commander and war veterans and other forerunners of the revolution can be found only in the DPRK.





## Supreme Commander of the DPRK's Armed Forces

December 30 this year marks the eighth anniversary of Kim Jong Un'sappointment as the supreme commander of the armed forces of the Democratic People's Republic of Korea.

Over the past eight years the DPRK's armed forces have grown in strength; the Korean People's Army is armed with world-class military equipment and all the armed forces of the country have been well prepared to defeat any foreign invasion. Military experts and analysts around the world agree on this point.

This remarkable development is inconceivable apart from Kim Jong Un's leadership.

The major traits of a renowned general are wisdom, courage and benevolence.

Kim Jong Un is widely known for his outstanding strategy, wisdom and acumen.

The essential factor in winning victory is a commander's wisdom, not military equipment or the number of soldiers.

In recent years, thanks to Kim Jong Un's outstanding strategy and adroit tactics, the DPRK could overcome critical situations and win in the confrontations with hostile forces.

This is illustrated by the fact that an atmosphere for dialogue and negotiations now prevails on the Korean peninsula, which was one of the hottest spots.

Tougher countermeasure, unpredictable response, one-blow knockout,winning victory without firing a shot–these are the key tactics employed by the DPRK leader.

Kim Jong Unis also noted for his unrivalled courage.Though possessed of outstanding wisdom, a commander cannot be successful if he lacks courage.

Recently the hostile forces resorted to vicious schemes in trying to stifle this country both in military and economic aspects.

Despite the touch-and-go situation, Kim Jong Un saw an artistic performance with the people and arranged a national conference of pilots in the capital city of Pyongyang. Also, he visited light-industry factories with a view to improving the people's standard of living.

AtPanmunjomon the Military Demarcation Line he had a photo taken with all the soldiers including sentries.

Kim Jong Unis respected as a leader who loves his people and leads the army by dint of ennobling virtue.Soldiers act according to orders and they are obliged to keep military discipline. But they are human beings after all.

Kim Jong Un regards soldiers as his comrades sharing will and destiny with him. He visits army units even in remote mountains or on far-flung islands, takingnecessary measures for improving the living conditions of the soldiers with parental affection. He mingles with them unreservedly, sometimes having a photo taken with each one of them.

There are many moving stories about his affection; when some sailors fell during the performance of combat duty, he took all necessary steps to add lustre to their exploits; and hearing of a pilot's death, he wrote a letter to his wife to console her.

It is quite natural that all the officers and men of the army respect their Supreme Commander sincerely and are full of determination to dedicate their lives for his sake.

There will be no match for this army that has formed an integral whole based on affection and obligation.

The world media and the international society speak highly of the DPRK leader,calling him "young leader possessed of outstanding wisdom and adroit tactics,""statesman and commander with foresight and courage," and "benevolent General."

# संरक्षणको पर्खाइमा इलामका चिया बगान

**भगीरथ भण्डारी**


इलाम। २०५७ सालमा सरकारले इलाम, कन्याम, सोक्तिम, चिलिमकोट, झापाका बर्ने, बारदसी र टोकला चिया बगान त्रिवेणी संघाई समूहलाई ६५ प्रतिशत हिस्सा उसकै रहनेगरी लिजमा दिएको छ। ६५ प्रतिशत हिस्सा आफ्नै हिस्सा हुनेगरी ५० वर्षका लागि लिजमा लिएर पनि व्यवस्थापन नगर्दा इलामका चियाबगान उजाड बन्न थालेका हुन।

एक सय ५३ वर्षअघि नेपालमै पहिलोपटक चिया खेती भएको इलाम सदरमुकाममा पर्ने इलाम चिया बगानमा देशकै पहिलो कारखाना रहेको छ। तर यहाँ रहेको कारखाना जिर्ण अवस्थामा छ भने चियाबगान उजाड बनेको छ। बगानमा खालि भएको ठाउँमा चिया नरोपिएको कारण बगान कुरुप बनेको हो। चिया बगान मासिन थाल्दा पनि बगान व्यवस्थापन गरिएको छैन।

इलाम सदरमुकामको मात्र होईन माईनगरपालिका -९ मा रहेको बगानक्षेत्र पनि मासिँदै गएको छ। चियाका बोट पुरानो भएका कारण उत्पादन पनि घट्दो छ। विसं १९२२ मा दक्षिणी इलामको सोक्तिममा चिया रोप्न सुरू गरिएको थियो भने १९४० मा चिया प्रशोधन उद्योग स्थापना गरेर हरियोपत्ती प्रशोधन सुरु गरिएको थियो। तर अहिले बगान उजाड बन्दै गएको छ भने ऐतिहासिक कारखाना जिर्ण बनेको छ।

'इलामको चिया बगान र उद्योग देशकै इतिहास हो तर अहिले उद्योग चाहिँ खोक्रो बनाइएको छ, त्यहाँ भएका महँगा र महत्वपूर्ण औजार अन्यत्र लगेर कामचलाउ औजार मात्र जडान गरेको सुनिएको छ,

महेश बस्नेत, नगर प्रमुख इलाम



नगरपालिका तत्कालीन प्रधानमन्त्री जंगबहादुर राणाले चीनबाट उपहारका रूपमा ल्याएको चिया उनका ज्वाइँ बडाहाकिम गजराजसिंह थापालाई पहिलोपटक इलाममा खेती गराएको इतिहास छ। थापाले इलामपछि सोक्तिममा चिया खेती सुरु गरेका थिए। निजिकरण भएसँगै कारखानाको मेसिन अन्यत्रै लगिएको स्थानीय बताउँछन।

आधुनिक चिया प्रशोधन गर्ने सदरमुकामस्थित कारखाना पहिलो हो भने दोस्रो माई नगरपालिकाको सोक्तिम नै हो। यी दुवै कारखाना र बगान उजाड देखिएका छन। स्थानीय तहमा जनप्रतिनिधि आएसँगै इलाम नगरपालिका, सूर्योदय नगरपालिका र माई नगरपालिकाले बगानलाई व्यवस्थित गर्न स्थानीय सरकारलाई दिने व्यवस्था गर्नुपर्ने भन्दै संघीय सरकारसँग आग्रह गरेका छन।

इलाम नगरपालिकाको पहिलो नगरसभाले इलाम चिया बगान स्थानीय सरकारमातहत ल्याउन पहल गर्ने निर्णय गरिसकेको छ भने माई नगरपालिकार्ले सरकारी स्वामित्वका सोक्तिम र चिलिमकोट चिया बगान नगरपालिकाले सरकारलाई फिर्ता गराउनुपर्ने निर्णय चौथो नगरसभाबाट गरेको छ।

इलाम नगरपालिकाका नगर प्रमुख महेश बस्नेतले 'इलामको चिया बगान र उद्योग देशकै इतिहास हो तर अहिले उद्योग चाहिँ खोक्रो बनाइएको छ, त्यहाँ भएका महँगा र महत्वपूर्ण औजार अन्यत्र लगेर कामचलाउ औजार मात्र जडान गरेको सुनिएको छ, 'यो बगानको इतिहास जोगाउन स्थानीय सरकार सक्षम छ, निजी क्षेत्रबाट चिया बगान र उद्योग फिर्ता ल्याउनु बताए।'

सूर्योदय नगरपालिकाका नगर प्रमुख रण बहादुर राई र माई नगरपालिकाका नगर प्रमुख दिपक थेवेले निजि क्षेत्रले देशकै इतिहासको रुपमा रहेको चिया बगान सरकारको माताहतमा नल्याए देशकै इतिहास मेटिने बताए।

यता बगान पक्षले भने आफूले चिया बगानको जमिन रक्षाकै लागि पटकपटक मुद्दा मामिलामा जानु परेको बताउँदै आएको छ। मजदुर आन्दोलन, घट्दो श्रमिक जस्ता कारणले पनि कतिपय बगानलाई चाहेर पनि पुरानो अवस्थामा पुऱ्याउन नसकिएको त्रिवेणी संघाई समूहको भनाइ छ।

## भारतमा...

पशुपक्षी विकास मन्त्रालयले जनाएको छ। पशुपक्षीको आयातमा स्यानेटरी सर्टिफिकेट अनिवार्य गर्न र पशुपक्षीको खुला व्यापारमा कडाइ गर्न मन्त्रालयले निर्देशन दिएको छ।

देशभर १६ वटा पशु क्वारेन्टाइन कार्यालयहरू छन्। काँकडभिट्टा, वीरगन्ज, भैरहवा, कृष्णनगर, नेपालगन्ज, कैलाली तथा गड्डाचौकी नाकामा विशेष निगरानीइ बढाइएको छ। देशभर कतै ठूलो परिमाणमा कुखुरा मरे वा शंकास्पद लक्षण देखिए तुरुन्त मन्त्रालय वा नजिकैको कार्यालयमा सम्पर्क गर्न मन्त्रालयले कृषकहरूलाई आग्रह गरेको छ। हालसम्म मुलुकको कुनै पनि स्थानमा बर्डफ्लु संक्रमणको जानकारी नआएको मन्त्रालयले नजाएको छ।

भारतको मध्यप्रदेश, केरला, राजस्थान र हिमाञ्चल प्रदेशमा बर्डफ्लु पुष्टि भएको अन्तर्राष्ट्रिय सञ्चारमाध्यमले जनाएका छन्। हिमाञ्चल प्रदेशमा साइबेरिया र मंगोलियाबाट बसाइसराइ गरिआएका दुई हजार चार सय खोया हाँस मरेको, केरलामा १२ हजार हाँसहरू मरेको र मध्य प्रदेशमा सयौं कागहरू बकुल्ला र सुँगाहरू मृत अवस्थामा भेटिएको बीबीसी हिन्दीले जनाएको छ।

## नेपाल-भारत...

राजनीतिक अवस्था र सीमा विवादका सम्बन्धमा छलफल हुने बताइएको छ। नेपालले भारतबाट १ करोड २० लाख कोभिड १९ विरुद्धको खोप खरिद गर्ने भएको छ। त्यसका लागि यो भ्रमणमा महत्वपूर्ण सहमति हुन सक्ने भारतीय सञ्चारमाध्यमले जानकारी दिएका छन्। भारतमा अहिले कोभ्शिल्ड र कोभ्याक्सिन दुईवटा खोपलाई आपतकालीन अनुमति दिइएको छ। भारत सरकारले सुरुका दश करोड डोज प्रतिडोज दुई सय रुपैयाँमा खरिद गर्ने बताएको छ। कोभसिल्ड उत्पादनकर्ता कम्पनी सेरम इन्स्टिच्युट अफ इन्डियाले भने त्यसपछि प्रतिडोज एक हजार रुपैयाँमा बेच्न पाउनुपर्ने बताइरहेको छ।

यसपटक संयुक्त आयोग मुख्य एजेन्डामा नेपालले यसै वर्ष जारी गरेको चुच्चे नक्सा छ। दुवै मुलुकको राजनीतिक तहमा संयन्त्र बनाउने सहमति भएपछि २०४४ सालमा नेपाल भारत परराष्ट्र मन्त्रीस्तरीय संयुक्त आयोगको बैठक बसेको थियो। संयन्त्रको दोस्रो बैठक २०४८ मंसिरमा नयाँदिल्लीमा बसेको थियो। तेस्रो बैठक २०७१ काठमाडौंमा, चौथो बैठक २०७३ असोज नयाँदिल्लीमा, पाँचौं बैठक २०७६ भदौमा काठमाडौंमा बसेको थियो। भारतका विदेश सचिव हर्षबर्द्धन श्रृंगलाले नेपाल भ्रमणका क्रममा संयुक्त आयोगको बैठकका लागि निम्तो दिएका थिए।

## ओलीको काँधमा...

एमाले र नेकपा माओवादी केन्द्रको समर्थनसहितको पत्र नेकपा एमालेका अध्यक्ष तथा प्रतिनिधिसभाका सदस्य ओलीले पेस गरेको उल्लेख छ। ओलीको पत्रअनुसार त्यसै दिन तत्कालीन नेकपा एमाले अध्यक्ष ओली राष्ट्रपतिबाट प्रधानमन्त्रीमा नियुक्त भएका थिए। राष्ट्रपति विद्यादेवी भण्डारीले संविधानको धारा ७६ उपधारा (२) बमोजिम ओलीलाई प्रधानमन्त्री नियुक्त गरेकी थिइन्। दुई सय ७५ सदस्यीय प्रतिनिधिसभामा एमालेका एक सय २१ र माओवादीका ५३ गरी १ सय ७४ सांसद थिए। बहुमतका लागि एक सय ३८ सांसद चाहिन्थे। तत्कालीन एमालेसँग यो अंक थिएन। ७२ को उपधारा (२) मा छ, उपधारा (१) बमोजिम प्रतिनिधिसभामा प्रतिनिधित्व गर्ने दुई वा दुईभन्दा बढी दलहरूको समर्थनमा बहुमत प्राप्त गर्न सक्ने प्रतिनिधिसभाको सदस्यलाई राष्ट्रपतिले प्रधानमन्त्री नियुक्त गर्नेछ। ओली गठबन्धन सरकारको प्रधानमन्त्री भएको तीन महिनापछि मात्रै दुई पार्टीबीच एकता भएको थियो। पार्टी एकताको दोस्रो दिन अर्थात् ५ जेठ २०७५ मा ओली नेकपा संसदीय दलको नेता भएका थिए। पार्टी एकता भएपछि नेकपासँग बहुमतको अंक पुग्यो। तर गठबन्धनकै रुपमा प्रधानमन्त्री नियुक्त भएका ओली पुनः निर्वाचित भने भएका होइनन्, बरु त्यस बीचमा सरकारमा रहेको संघीय समाजवादी पार्टी बाहिरिएको थियो। तर संसद विघटन गर्दा राष्टओली गठबन्धन सरकारको प्रधानमन्त्री भएको तीन महिनापछि मात्रै दुई पार्टीबीच एकता भएको थियो। पार्टी एकताको दोस्रो दिन अर्थात् ५ जेठ २०७५ मा ओली नेकपा संसदीय दलको नेता भएका थिए। पार्टी एकता भएपछि नेकपासँग बहुमतको अंक पुग्यो। तर गठबन्धनकै रुपमा प्रधानमन्त्री नियुक्त भएका ओली पुनः निर्वाचित भने भएका होइनन्, बरु त्यस बीचमा सरकारमा रहेको संघीय समाजवादी पार्टी बाहिरिएको थियो। तर संसद विघटन गर्दा राष्ट्रपति कार्यालयले धारा ७६ (१) लाई देखाएको छ र (७) तथा ८५ को उल्लेख छ।

संसद विघटन गर्दा उल्लेख गरिएको धारा ८५ मा प्रतिनिधिसभाको कार्यकाल उल्लेख छ। ८५ (१) मा यस संविधान बमोजिम अगावै विघटन भएकोमा बाहेक प्रतिनिधि सभाको कार्यकाल ५ वर्षको हुनेछ भन्ने उल्लेख छ। यसैको उपधारा २ (१) मा जुनसुकै कुरा लेखिएका भए तापनि संकटकालीन अवस्थाको घोषणा वा आदेश लागू रहेको अवस्थामा संघीय ऐनबमोजिम प्रतिनिधिसभाको कार्यकाल एक वर्षमा नबढ्ने गरी थप गर्न सकिनेछ भन्ने उल्लेख छ। त्यसैगरी उपधारा ३ मा छ, उपधारा (२) बमोजिम थप गरिएको प्रतिनिधिसभाको कार्यकाल संकटकालीन अवस्थाको घोषणा वा आदेश खारेज भएको मितिले ६ महिना पुगेपछि स्वतः समाप्त हुनेछ। अहिले राष्ट्रपतिले संसद विघटन गर्दा संविधानको धारा ७६ उपधारा १ र ७ लाई कोट गर्नु नै त्रुटिपूर्ण छ। बीचमा संघीय समाजवादीका उपेन्द्र यादवहरू सरकारबाट बाहिरिएपछि विश्वासको मत लिने काम पनि गरिएन।

संसद विघटनसम्बन्धी रिटहरू माथिको सुनुवाई सर्वोच्च अदालतको संवैधानिक इजलासमा सुरु भएको छ। नेपाल वारको ५ सदस्यीय एमिकसक्युरीले सर्वोच्चलाई कानुनी सहयोग गर्दैछ। प्रधान न्यायाधीश चोलेन्द्रशमशेर जबराले गठन गरेको संवैधानिक इजलासमा रहेका न्यायाधीश हरिकृष्ण कार्की इजलासबाट बाहिरिएका छन्। बुधबार सुरु भएको संवैधानिक इजलासको बहसमा वरिष्ठ अधिवक्ताहरूले इजलासको प्रकृति र संरचनामाथि गम्भीर बहस गरे। बहसमा भाग लिएका वरिष्ठ अधिवक्ताहरूले एउटै जिकिर गरे- प्रतिनिधिसभा विघटन जस्तो गम्भीर मुद्दा पाँच जनाको इजलासले होइन बृहत पूर्ण इजलासले हेर्नुपर्छ। त्यस्तै केपी ओली नेतृत्वको सरकारकै पालामा महान्यायाधिवक्ता रहेका न्यायाधीश हरिकृष्ण कार्कीले मुद्दा हेर्दा न्यायिक मर्यादा उल्लंघन हुन्छ। अन्ततः नैतिक प्रश्नमा न्यायाधीश कार्कीले नैतिकता प्रदर्शन गर्दै आफू इजलासमा नबस्ने बताए। कार्कीले संवैधानिक इजलास छोडेपछि बहस अगाडि बढ्न सकेन। त्यसपछि प्रतिनिधिसभा विघटनसम्बन्धी मुद्दा पुस २९ मा हेर्ने गरी स्थगित भएको छ।

प्रधानमन्त्री केपी शर्मा ओलीले संघटन गर्ने आफ्नो विशेषाधिकार रहेको जिकिर गरिरहेकै बेला संविधानसभाका तत्कालीन अध्यक्ष समेत रहेका सुवास नेम्बाङको संविधानअनुसार प्रतिनिधिसभा विघटन र मध्यावधि निर्वाचन हुनै नसक्ने भन्दै बोलेको भिडियो बाहिरिएको छ। १७ महिनाअघि धुलिखेलमा भएको अन्तरसंवाद कार्यक्रमको भिडियो संसदीय मामिला पत्रकार समाजले अफिसियल ह्यान्डिलबाट ट्विट भएको भेटिएको हो। प्रधानमन्त्रीले रिस उठ्यो भन्दैमा संसद विघटन गर्न नपाइने संविधानले स्पष्ट व्यवस्था गरेको उनको भनाइ छ। अन्य संविधानका मस्यौदाकारहरू डा.बाबुराम भट्टराई, लक्ष्मणलाल कर्ण, खिमलाल देवकोटा, विमलेन्द्र निधि, कृष्णप्रसाद सिटौला समेतले संविधानमा प्रधानमन्त्रीले संसद विघटन गर्न नपाउने व्यवस्था भएको बताएका छन्। अब सर्वोच्चको निर्णयले नै यस मुद्दालाई किनारा लगाउनेछ।

## सीमा क्षेत्रमा...

सलकपुर, समालवुङ, छब्बिसे, कालपोखरी र जौवारीमा बीओपी स्थापना भइसकेका छन्। मानेभन्ज्याङमा बीओपी राख्ने तयारी अन्तिम चरणमा पुगेको छ भने पाटापुर, मेघमा, गोर्खे र सन्दकपुर पनि प्रस्तावित छन्।

सीमास्तम्भ सुरक्षा र सिमानामा हुने आपराधिक गतिविधि नियन्त्रणका लागि धमाधम सीमामै बीओपी राखिए पनि सीमा सार्ने समस्या हटेको छैन। भारतीय सुरक्षा निकाय एसएसबी सीमाक्षेत्रका भारतीय भूभागमा जतातते छ। एसएसबीले दशगजा क्षेत्रमा टेन्ट हालेर, हतियार राखेर बस्ने क्रम अहिले पनि चलिरहेको छ।

देशकै पर्यटकीय गन्तव्य मानिएको सन्दकपुर डाँडामा सन्दकपुर गाउँपालिकाले निर्माण गर्न थालेको भ्यु टावर निर्माणमा पनि एसएसबीले रोक लगाएको थियो। त्यो भ्यु टावर बन्दै गरेको जग्गा नेपालकै हो तर एसएसबीले आफ्नो भन्दै रोक लगाएको हो। सन्दकपुरलगायत विभिन्न स्थानमा भारतीय पक्षले पनि सीमा क्षेत्रमा संरचना बनाइरहेको छ। इलामको ५२ किलोमिटर भूमि भारतसँग जोडिएको छ। २०६४ सालको संविधानसभा निर्वाचनताका भारतले सुरक्षाका लागि भन्दै ३-३ किलोमिटरमा भारतीय सीमा सुरक्षा बल (एसएसबी)को बीओपी राखेको थियो। भारतले कतिपय स्थानमा दशगजाभित्रै पनि एसएसबी क्याम्प राखेको छ।

इलाममा नेपाल-भारत सिमानामा पर्ने ठाउँमा एसएसबीले दशगजाभित्रै पाल टाँगेर र हतियार पनि सोभ्याएर बस्छन्। भारतले बारम्बार सीमा मिचेर संरचना बनाइरहन्छ तर नेपाली भूभागमा संरचना बनाउँदा पनि पटक पटक रोक लगाउने र दुःख दिइरहने गरेको स्थानीयको भनाइ छ।

मानेभन्ज्याङमा नेपाल र भारततर्फ दशगजा क्षेत्रमा घर बनाइएका छन्। यस्ता समस्या सिमानाका सानातिना सबै बजारमा रहेका छन्। पशुपतिनगरको फाटकमा भारतीयका तर्फबाट दशगजा क्षेत्रमा गुम्बा बनाएको छ। गुम्बा बनाउन थालेपछि नेपालतर्फबाट पटक पटक पहल गरिएको भनिए पनि संरचना बनाएरै छाड्यो।

त्यहाँ केन्द्रबाटै नापी टोली आएर नाप्दा पनि त्यो स्थान दश गजाभित्रै देखियो र पनि संरचना बनाउन रोकिएन। पूर्वप्रधानमन्त्री एवं नेकपाका वरिष्ठ नेता झलनाथ खनालले सन्दकपुर डाँडामा पुगेर नेपाल र भारतको सिमाना वैज्ञानिकीकरण नगरेसम्म संधैं समस्या भइरहने बताए।

उता छब्बिसेमा नेपाली भूभाग नै भारतपट्टि पारिएको छ। त्यहाँका बासिन्दासँग नेपाली नागरिकता र नेपाली जग्गा धनी पुर्जा छ। एसएसबीले बेलाबेला हतियार बोकेर नेपाली भागमा पस्ने, दशगजा क्षेत्रभित्र संरचना बनाउने गरेको छ।

## प्रादेशिक...

हुन् भने लेखराज भट्ट यस अघि नै मन्त्री थिए। चौधरी र भट्ट माओवादी पृष्ठभूमिका हुन्। आले र ठगुन्ना पहिलेदेखि नै ओली क्याम्पमा थिए। सुदूर पश्चिम प्रदेशमा आफ्नो राजनीतिक शक्ति बढाउन प्रधानमन्त्री ओली आज शुक्रबार प्रदेशस्तरीय सार्वजनिक भेलालाई सम्बोधन गर्दैछन्। ओलीको सम्बोधनपछि सुदूर पश्चिम प्रदेशमा भीम रावलको प्रभाव घट्ने ओली पक्षीयहरूको बुझाइ छ।

कर्णाली प्रदेशका मुख्यमन्त्री महेन्द्रबहादुर शाही आफैं प्रधानमन्त्री ओली विरुद्धको सडक संघर्षमा सहभागी भएका छन्। यतिसम्म कि प्रदेश २ मा नेकपाको सरकार नभए पनि संसदीय दलका नेता सत्यनारायण मण्डलविरुद्ध दाहाल नेपाल पक्षधर १७ जना सांसदले मण्डल विरुद्धको अविश्वासको प्रस्तावमा हस्ताक्षर गरेका छन्। प्रदेश सभामा नेकपाका ३२ (तत्कालीन एमालेका २१ र नेकपा माओवादी केन्द्रका ११) जना छन्। अहिल सत्तारुढ दलमा आएको विभाजनस्वरुप प्रदेश स्तरमा देखिएको खेलकुदले प्रादेशिक राजनीतिमा हलचल नै ल्याइदिएको छ।

दाहाल नेपाल समूह ओली पक्षीय मुख्यमन्त्री हटाउन लागेको छ भने ओली पक्ष जसरी भए पनि सरकार टिकाउने खेलमा लागेको छ। तर आफू एक्लैको केही नलाग्ने भएपछि नेकपाको दुवै समूहको नजर नेपाली कांग्रेसतिर सोझिएको छ। तर कांग्रेसले भने अहिलेसम्म कुनै निर्णय गरेको छैन। प्रदेश स्तरमा कांग्रेस केन्द्रीय निर्देशनको पर्खाइमा छ। प्रदेश १ र वाग्मती प्रदेशमा कांग्रेसको साथ नभई नयाँ सरकार बन्ने सम्भावना छैन। प्रदेश १ मा ३७ जना सांसदको हस्ताक्षर सहित अविश्वासको प्रस्ताव दर्ता भएको छ। प्रदेश सभामा नेकपाका ६७ कांग्रेसका २१ र अन्य साना दलका ५ सांसद छन्। बहुमत पुऱ्याउन ४७ सांसद चाहिन्छ। त्यस्तै ११० सांसद रहेको वाग्मती प्रदेश सभामा नेकपाका ८० सांसद छन्। बहुमतका लागि ५६ सांसद आवश्यक भए पनि मुख्यमन्त्री पौडेलको पक्षमा सभामुखबाहेक ३३ प्रदेश सांसद छन्। २२ सांसद रहेको कांग्रेसले जुन समूहलाई साथ दिन्छ सोही गठबन्धनको सरकार बन्ने सम्भावना छ। प्रदेश सभामा अन्य चार दलका आठ सांसद भए पनि उनीहरू निर्णायक हुने छैनन्। आफू समर्थित मुख्यमन्त्रीहरू रहेका प्रदेश सरकार ढल्ने अवस्थामा सरकारले प्रदेश सरकार विघटन गर्न सक्ने सम्भावना त्यत्तिकै छ।

## अर्थतन्त्रको...

प्रक्षेपण गरेको छ। नेपाल राष्ट्र बैंकका अनुसार कोरोनाका कारण ठप्प भएका उद्योगधन्दा कलकारखाना पूर्ण रुपमा सञ्चालनमा आउन सकेका छैनन्। ५७ प्रतिशत उद्योग मात्र पूर्ण क्षमतामा सञ्चालित रहेको रिपोर्ट राष्ट्रबैंकको रहेको छ। पर्यटन क्षेत्र त झनै क्षत,विक्षत भएको र यसलाई तरंगिन लामो समय लाग्ने देखिन्छ। अहिले जस्तै लगातार ३ आर्थिक वर्षसम्म अर्थतन्त्र कमजोर भएमा त्यसको प्रभाव अत्यन्तै गम्भीर हुने राष्ट्रबैंकको ठहर छ। विश्व अर्थतन्त्रमा सुधार हुन कोरोना भ्याक्सिनको सहायताले पनि प्रभाव पार्नेछ। जति सक्दो चाँडो सबैतिर भ्याक्सिन पुगेको खण्डमा कोरोना प्रभाव नियन्त्रणमा आउने र अर्थतन्त्र पुरानै लयमा फर्किने छ।

## भारतीयद्वारा...

प्रहरी प्रवक्ता अमरबहादुर थापाले भारतीय जंगलमा काठ काट्न गएको अवस्थामा भारतीय वनरक्षकबाट गोली प्रहार भएको प्रारम्भिक अनुसन्धानबाट खुल्न आएको बताए। उनको दुवै खुट्टामा गोलीको छर्रा लागेको छ। डा. दुर्गेश चौधरीले छर्राबाट घाइतेको दायाँ खुट्टाको नसामा चोट लागेको बताएका छन्।

घाइते नरेशले भने आफू घरसायी समान किनेर भारतीय जंगल भएर घर फर्किरहेको अवस्थामा जंगलमा भारतीय बर्दिधारीबाट गोली प्रहार गरिएको दाबी गरेका छन्। नेकपा दोधारा-चाँदनी इन्चार्ज भरत भट्टले नेपालीमाथिको भारतीय ज्यादतीको उपज भएको बताउँदै घाइतको उपचार र दोषीउपर कारबाहीको माग अघि सारका छन्।

## भारतले...

पत्रको जवाफसमेत नदिई भारतले तटबन्धको काम गरिरहेको छ। अन्तर्राष्ट्रिय सन्धिरसम्झौता उल्लंघन गर्दै महाकाली नदीपारि एकतर्फी तटबन्ध निर्माण कार्य थालेपछि गृह मन्त्रालयको सिफारिसमा परराष्ट्र मन्त्रालयले दिल्लीस्थित नेपाली दूतावास हुँदै भारतलाई पछिल्ला तीन सातामा दुईवटा कूटनीतिक पत्र पठाएको थियो। परराष्ट्र स्रोतका अनुसार एकतर्फी रूपमा तटबन्ध निर्माण गरेर विगतका सहमति उल्लंघन भएको विषयमा ध्यानाकर्षण भएको जनाउँदै भारत सरकारलाई पत्र पठाइएको छ। तर, भारतले पत्रको जवाफ नपठाएको स्रोत बताउँछ।

परराष्ट्रले दूतावासलाई तटबन्ध निर्माण तत्काल रोक्ने गरी आवश्यक पहल गर्न भनेको छ। यसमा पनि ठोस उपलब्धि हासिल भएको छैन। दिल्लीस्थित नेपाली राजदूत नीलाम्बर आचार्यले महाकाली नदीसँग सम्बन्धित भारतीय निर्माणाधीन तटबन्धका विषयमा परराष्ट्रबाट केही पत्र आएको बताए।

जिल्ला प्रशासन र सीमा सुरक्षार्थ तैनाथ सशस्त्र प्रहरीबाट पनि अनधिकृत रूपमा निर्माणाधीन तटबन्ध रोक्नेबारे प्रयास र पहल भएको तर भारतीय पक्षले संरचना निर्माणको काम नरोकेपछि माथिबाटै पहल गर्नुपर्ने देखिएको उनले बताए। नेपाल-भारत सीमा नदी महाकालीमा २०७० असार २ मा आएको बाढीले नेपालको केही भूभाग भारततिर पारेको थियो।

दार्चुला सदरमुकाम खलंगास्थित जिल्ला अस्पताल पारिपट्टि बाढीले धार परिवर्तन गरेको सीमा नदी महाकाली मिचेर अहिले भारतले आफूखुसी तटबन्ध निर्माण जारी राखेको छ। भारतले बाँध बनाउन थालेको उक्त भूभाग ७ वर्षअघि बाढी आउनुपूर्व नेपाली भूमिमा पर्थ्यो।

## काठमाडौंमा...

प्रतिशतको मुख्य कारण वायु प्रदूषण नै रहेको ठम्याएको छ। काठमाडौंमा पीएम २.५ को मात्रा विश्व स्वास्थ्य संगठन (डब्लूएचओ) को मापदण्डभन्दा ५ गुणासम्म बढी छ। डब्लूएचओले वार्षिक औसत पीएम २.५ को मापदण्ड १० माइक्रोग्राम प्रतिघनमिटर तोकेको छ। सरकारले तोकेको मापदण्डलाई वार्षिक हिसाबले हेर्दा ४९ माइक्रोग्राम प्रतिघनमिटर हुनुपर्छ। तर काठमाडौंमा ३ सय ५० माइक्रोग्राम प्रतिघनमिटरसम्म पीएम १० र पीएम २.५ को मात्रा पुग्ने गरेको छ। सरकारले पीएम १० को मात्रा १ सय २० माइक्रोग्राम प्रतिघनमिटर तोकेको छ भने २.५ को ४० माइक्रोग्राम प्रतिघनमिटर मापदण्ड निर्धारण गरेको छ। जाडो महिना मंसिर, पुस र माघमा हानिकारक कण २.५ को मात्रा सबभन्दा अधिक हुने गरेको छ।

'स्टेट अफ ग्लोबल एयर- २०२०' का अनुसार नेपालमा वायु प्रदूषणका कारण वर्सेनि ४२ हजार १ सय जनाको मृत्यु हुने गरेको छ। डब्लूएचओका अनुसार सन् २०१८ मा नेपालमा वायु प्रदूषणका कारण करिब ३७ हजार जनाको मृत्यु भएको थियो। कोभिड-१९ को महामारी जारी भएकाले यो पटकको चिसो हुने समय (पुसदेखि फागुन) सम्म मृत्यु संख्या बढ्ने अनुमान गरिएको छ।

वायु प्रदूषणका कारण खासगरी फोक्सोको क्यान्सर, मुटुको रोग, फोक्सोको रोग (सीओपीडी), दम, निमोनिया, मस्तिष्कघात (स्ट्रोक), कम तौल वा समय नपुग्दै बच्चा जन्मिने समस्या हुन्छ। वायु प्रदूषणका कारण विश्वमा वार्षिक ७० लाख जनाको मृत्यु हुने गरेको छ।

## पृथ्वीनारायण...

खुलासा गरिसकेका छन्। उनले तराईका ८ जिल्लालाई टुक्र्याउन महन्थ ठाकुर र उपेन्द्र महतोलाई राजनीतिक रुपमा भारतले उपयोग गरिरहेको र सैन्यतर्फको जिम्मेवारी सिके राउत र गोहितलाई दिएको नयाँ खुलासा समेत गरेको धेरै भएको छैन। यसले यतिबेला नेपालको राष्ट्रियता गम्भीर संकटको अवस्थामा गुज्रिरहेको प्रस्ट हुन्छ।

बहुसंख्यक मानिसहरू उनको योगदानको प्रशंसा गर्छन् र उनलाई राष्ट्रले नसम्झिएकोमा तीव्र आक्रोश व्यक्त गर्छन्। पुस २७ लाई राष्ट्रिय एकता दिवसका रुपमा मनाउँदै सार्वजनिक बिदा दिनुपर्ने माग पनि जनस्तरबाट भइरहेको छ। उनले गरेको नेपाल एकीकरणको कार्यलाई अवमूल्यन गर्न नहुने आवाज पनि त्यत्तिकै उठिरहेको छ।

पृथ्वीनारायण शाह पहाडी राज्य गोरखाका राजा भएर पनि उनले नेपाल राष्ट्र बनाउन गरेको महान योगदान नै सबै नेपालीले उनलाई सम्झनुपर्ने कारण हो। पुस २७ गतेका दिन उनी आजभन्दा २९४ वर्षअघि राजा नरभूपाल शाह र रानी कौशल्यावतीको ज्येष्ठ सुपुत्रका रुपमा गोरखा दरबारमा जन्मिएका थिए। वि.सं. १७६८ अघिसम्म नेपाल 'नेपाल राष्ट्र' थिएन। यसै मितिदेखि नेपालको इतिहासको आधुनिक काल मानिन्छ। पृथ्वीनारायण शाहले गुरिल्ला युद्धद्वारा नेपाल एकीकरणको आरम्भ गरे। यस अभियानको नेतृत्व उनले गरे। बिसे नगर्चीदेखि कालु पाँडे समेतले उनको एकीकरण अभियाननलाई साथ दिए। नेपालमा सैनिक संरचनाको सुरुवात पनि उनले गरे।

एकीकरण अभियान उनले एक्लै गरेका होइनन्, उनलाई जनताले पनि साथ दिएका थिए। भलै उनले नेपाल एकीकरणको नाम दिएर युद्ध लडेनन् राज्य विस्तार गरे। त्यही राज्य विस्तार अभियान नै नेपाल एकीकरणको ऐतिहासिक अभियान थियो। आज हामीले टेकेको धर्ती उनकै नेतृत्वमा भएको जनबाहुबलको परिणाम हो। यसलाई अस्वीकार गर्नु नेपाल नामको राष्ट्रलाई अस्वीकार गर्नु हो। १७६८ अघिकै अवस्थातर्फ फर्किन खोज्नु हो। सिधा भाषामा राष्ट्र विखण्डनको मतियार बन्नु हो।

पृथ्वीनारायण शाहले बाइसे चौबीसे राज्य, पूर्वको किराँत राज्य र उपत्यकाका तीन नेवा राज्यलाई विस्थापित गरी एउटै नेपाल राज्य बनाएका हुन्। कतिपय राजनीतिक नेता र बुद्धिजीवी पृथ्वीनारायण एक विस्तारवादी शासक भएको आरोप लगाउँछन्।

पृथ्वीनारायण शाहको राज्य विस्तारको अभियानलाई खुनी हमला देख्नेहरू उनलाई द्रव्यपिसाचका रुपमा व्याख्या गर्नेहरू, विलासी एवं क्रुर शासकको रुपमा उनको व्याख्या गर्नेहरूले नेपाल राष्ट्रको एकतालाई खारेज गर्नुपर्ने भाषाहरू परोक्ष रुपमा बोलिरहेका छन्। अर्थात् फेरि जातीय राज्यहरूको अस्तित्व स्थापित हुनुपर्ने घुमाउरो तर्क गरिरहेका छन्।

किराँत राज्यसँग, उपत्यकाका मल्ल राज्यहरूसँग, लमजुङसँग पृथ्वीनारायणले गरेको सम्झौता उनले पूरा नगरेको भनेर उनलाई धोकेबाजको पगरी गुथाउने स्वघोषित बुद्धिजीवीहरू पनि देखिँदैछन्। सर्वमान्य कुरा हो युद्ध र प्रेममा जे पनि जायज हुन्छ। यसकारण पृथ्वीनारायण शाहले विल्कुलै ठीक गरेछन्। उनले अधिनस्थ गरेका राज्यहरूलाई फेरि स्वअस्तित्वमा आउन दिएनन् र टुक्रा टुक्रा भूभागलाई मिलाएर भावी सन्ततिलाई सिंगो नेपाल दिए। पृथ्वीनारायणको नेपाल एकीकरण अभियानलाई 'खुनी' हमला बताउनेहरू पनि छन्। तिनले शाहअघिकै भुरे टाकुरे राज्यहरूको अस्तित्व चाहेका हुन् भने तिनीहरू देशद्रोही करार भएर जेलमा ठिंगुरा ठोकाएर जाकिन लायक छन्।

सन् १८१६ को सुगौली सन्धिले नेपालको सीमा पूर्वमा मेची र पश्चिममा महाकालीमा खुम्चिन पुग्यो। तर केही व्यक्तिहरू भने यदि नेपालको सीमा टिस्टा काँगडा थियो भने त्यो क्षेत्र अंग्रेजले लिँदा किन सैन्य विद्रोह भएन भनेर ग्रेटर नेपालमाथि नै प्रश्नचिह्न उठाउँदैछन्। उनीहरू टिस्टा र काँगडासम्म नेपालको सीमा कहिल्यै नपुगेको भन्दै इतिहासलाई मेट्ने प्रयास गर्दैछन्। त्यस्ता मान्छेहरू भारतीय जासुसी संस्था "रअ' का एजेन्टहरू हुन्। रअबाट दानापानी पाएकाले नै ग्रेटर नेपाल थिएन भन्नु त्यत्ति आश्चर्य होइन। ग्रेटर नेपाल नभएको भए सुगौली सन्धि कसरी हुन्थ्यो ?

सन् १९४७ मा अंग्रेजले भारत छोड्दा दार्जिलिङ नोमेन्सल्यान्ड किन हुन पुग्थ्यो ? र त्यहाँ पाकिस्तानले किन झन्डा गाड्थ्यो ? हाम्रा पुर्खाले बनाएको ग्रेटर नेपाल अंगेजले खायो, अंग्रेजपछि भारतीय शासकले खाइरहेका छन्। सन् १९५० को सन्धिले समेत १८१६ को सुगौली सन्धिलाई खारेज गरेको छ। अंग्रेजले सन्धि गरेकाले अंग्रेज फर्किएपछि टिस्टा र काँगडासम्मको भूभाग स्वतः नेपालले फिर्ता पाउनुपर्थ्यो। तर दुर्भाग्य नेपालका शासकहरू, त्यसबेलाका नेताहरू कसैले पनि आफ्नो भूभागमाथि दाबी नगर्दा नेपालको आकार खुम्चिएको खुम्चियै रह्यो। नेपालकै ७२ बढी स्थानमा भारतले सीमा मिचेको छ। उसले ग्रेटर नेपाल दिने त कुरै आएन। आफ्नो भूभाग फिर्ता लिन नेपालले कूटनीतिक प्रयास समेत गर्न नसक्नु दुःखद कुरा हो। ग्रेटर नेपाल थिएन भन्नु बहादुर शाह, भक्ति थापा, बलभद्र कुँवर, अमरसिंह थापा लगायत त्यसबेलाका तमाम योद्धाहरूको अपमान गर्नु नै हो।

विश्वमा राष्ट्र निर्माताहरूलाई अघोर नै सम्मान गरेको पाइन्छ। छिमेकी मुलुक भारतमा महात्मा गान्धीलाई, चीनमा सनयात सेनलाई राष्ट्रपिता मानिन्छ। अमेरिका जर्ज वाशिंगटन, थोमस जेफरशन, बेन्जामिन फ्रेंकलिन, जोन एडम्स, जेम्स मेडिसन, अलेक जेन्डा हेमिल्टिन, अमेरिकाका फाउन्डिङ फादरक रुपमा चिनिन्छन्। उनीहरूले १३ वटा राज्यलाई मिलाएर युनाइटेड स्टेट्स अफ अमेरिकाको स्थापना गरेका थिए। इटलीका मिनटर इमानुअल द्वितीयलाई फादर अफ फादर ल्यान्ड भनिन्छ। गैरीवाल्डी, मेजिनी, क्यामिना वेल्सो, काउन्ट कैबुरलाई संस्थापक पिता मानिन्छ। टर्कीका मुस्तफा कमाल अर्नातुकलाई पनि राष्ट्रपिताकै दर्ज दिइएको छ। लि क्यान युलाई सिंगापुरका राष्ट्रपिता मानिन्छ। फ्रान्स र जापानको उपनिवेशबाट भियतनामलाई मुक्त गराउने होची मिन्हलाई भियतनामी जनताले कति आदर गर्छन् ? पाकिस्तानका मोहम्मद अलि जिन्नालाई कवाइद आजम अर्थात् महान नेता भनेर सम्मान गरिन्छ। टुँकु अब्दुल रहमानलाई विकासवादी नेताका रुपमा चिनिएका महाथिरले समेत सम्मान गर्छन्। तर आज नेपालमा भने जाति, धर्म, वर्ण र क्षेत्रका आधारमा विभाजनको रेखा कोर्न खोजिँदैछ। रुसका पिटर, जर्मनीका विस्मार्क, बेलायतका एगवर्ड, फ्रान्सका नेपोलियन, जापानका ओडानोगुन एजा, टोकुगावा र इयसो, इटलीका क्यामिलो क्याभोर जिसेफ गरिवाल्डी, ग्रिसका अलेक जेन्डर महानकै जत्तिको योगदान छ नेपाल एकीकरणमा पृथ्वीनारायण शाहको।

राष्ट्रनिर्माता पृथ्वीनारायणको हुर्मत लिने काम भइरहेको छ। शाहले जसरी नेपाललाई चार वर्ण छत्तीस जातको फूलबारी बनाएका थिए त्यसलाई कित्ताकाट गरेर अंश लगाउने धृष्टता हुन थालेको छ। जातीय संघीयताका नाममा एक मधेस एक प्रदेशका नाममा विभाजनकारी तत्वहरू देशलाई टुक्र्याउन उद्यत रहेका छन्। पृथ्वीनारायणको समग्र योगदानको पुनर्मूल्यांकन गरेर उनलाई सम्मान गर्न राज्यले कन्जुस्याइँ गर्नु हुन्न। पृथ्वीनारायण शाह निरंकुश राजाभन्दा जनताका राजा थिए भन्ने कुरा उनको यो भनाइले पुष्टि गर्छ- 'म विराज बखेतीलाई काजी बनाउन चाहन्थेँ तर जनताको चाहना कालु पाण्डेलाई बनाउनुपर्छ भन्ने रहेछ। मैले आफ्नो इच्छालाई तिलाञ्जली दिएर जनताको इच्छानुसार गरेँ किनभने जनता बलिया भए मात्र दरबार बलियो हुन्छ।'

## चालु आवको आर्थिक वृद्धिदर कति ?

### विश्व बैंकले गऱ्यो प्रक्षेपण

विश्व बैंकले नेपालको चालू आर्थिक वर्षको आर्थिक वृद्धिदर ०.६ प्रतिशत हुने जनाएको छ। सन् २०२१ मा विश्व बैंकले निकालेको पहिलो विश्वव्यापी आर्थिक परिदृष्य रिपोर्ट अनुसार चालू आर्थिक वर्ष अर्थात सन् २०२० र २१ मा नेपालको आर्थिक बृद्धिदर ०.६ प्रतिशत हुनेछ।

गत आर्थिक वर्ष २०७६ र ७७ मा नेपालको आर्थिक वृद्धिदर ०.२ प्रतिशतमै सीमित रहेको विश्व बैंकले जनाएको छ। तर नेपाल सरकारले भने चालू आर्थिक वर्षमा ७ प्रतिशतको बृद्धिदर हुने लक्ष्य लिएको छ।

विश्व बैंकका अनुसार कोरोनाको महामारीका कारण नेपालको पर्यटन क्षेत्रमा परेको असर, उद्योग क्षेत्रको योगदानमा आएको कमी र सरकारले गर्ने लगानीका क्षेत्र खुम्चिएका कारण आर्थिक बृद्धिदरमा ठूलो गिरावट आउने प्रक्षेपण गरेको छ।